# कुमाख गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश , नेपाल

“सामाजिक न्याय ,शान्ति र आत्मनिर्भरता सुशासन र विकास ,कुमाख गाउँपालिकाको प्रतिबद्धता ”

# कुमाख गाउँपालिकाको पार्श्वचित्र २०७४



# कुमाख दर्शन

राप्ती राजमार्ग हिडेर पुगियो, यौटा ठूलो गाउँमा ।
यस्तो अद्भुत ठाउँ रै'छ, रसिलो पश्चिम नेपालमा ॥
वाणी बन्दछ मौन मौन, जसको सौन्दर्य देखेपछि ।
स्वर्गैतुल्य हुन्छ भित्र मनमा, जो बस्ती देखेपछि ॥
(१)

सल्यान पश्चिम भाग जसमा, बस्दैछ बस्ती नयाँ ।
खुल्दैछन् नवद्वार रे ! प्रगतिका, सम्भावना छन् यहाँ ॥
बढ्छन् औसर खोज्छ मानिस, अझै घोडा कुदेझैं कुदूँ ।
अर्को चाहिँ पछि परोस् र म, सधै उक्लेर माथि पुगूँ ॥
(२)

मान्छे कुद्छन यो कुमाखमा, समयको घोडा र घोडी बनी ।
यात्रा बन्छ सधै सार्थक यहाँ, यी घाम र छायाँमुनि ॥
दौडी राख्छ हजार लाख पाइला, मनका बोकी यिनै वासना ।
लाग्यो, मानवकै कथा छ गहिरो, संयुक्त यो कुमाखमा ॥
(३)

सयौं प्राणी विविधता छ यसमा, यो फूलबारी सरी ।
मान्छेमा छ यसैगरी विविधता, यो देशजस्तै गरी ॥
प्यूँदै फर्किरहेछु यो मधुरता, साँचेर विशाल छातिभरि ।
साँच्चै सुन्दरता रहेछ यसमा, भित्री सँगै बाहिरी ॥
(४)

# दुई शब्द

यस गाउँ पालिकाको केन्द्र  साबिकको मर्मपडिकाडाँ गा.बि.स.को रागेचौर मा छ । यस गाउँपालिक ासाबिकका गा.बि.स.हरू बडागाउँ, कालागाउँ, जिमाली, स्वीकोट र मर्मपरिकाँडासमावेश गरी मिति २०७३ फाल्गुन २२ मा गाउँपालिका गठन गरिएपछि गाउँपालिकाको समग्र क्षेत्रलाई समेटी प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्रतयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनसंरचनाको सिलसिलामा स्थापित यस गाउँ पालिकाको यथार्थ बिद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँको बिकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमाहामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित स्रोत  तथासाधनको अधिकतम सदुपयोग गरी गाउँपालिकाको बिकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउनेआशा तथा बिश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयासगरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा निरपेक्ष र पूर्ण  हुनसक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामीसबैले गर्नुपर्ने हुन्छ ।

योजनावद्ध बिकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाको सम्पूर्ण टिम, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्नेकर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने  सम्पूर्ण बिषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्नगर्ने कालिका इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड डिजाइनरबिरेन्द्रनगर सुर्खेत हार्दिक धन्यबाद दिन चाहन्छ ।अन्तमा गाउँपालिकाको बिकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस् र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस्  भन्ने शुभेच्छा प्रकट गर्दछु ।

अध्यक्ष
दिलमाया बुढामगर (गिरी)

# मेरो दुई शब्द

दिगो र योजनावद्ध बिकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाको बिभिन्न बिषय समावेश गरिएको स्रोतबिषयगत कार्यालयहरूबाट सङ्कलन गरिएको तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिचाई, खानेपानी, बिद्युत आदिका तथ्याङ्क समावेश गरी यस गाउँपालिकाको पार्श्वचित्र तयारी गरिएको हो ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने बिद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाँउवासीहरूलाई पार्श्वचित्रले  सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाँउको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने भू -वर्गीकरण तथा भू -उपयोगनक्साका साथै राष्ट्रिय जनगणना २०६८ कोबिबिध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलशिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने सम्पूर्ण बिषयगत कार्यालय, संघ/संस्था, अध्यक्ष ज्यू,  वडा सचिवहरू, गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरू, तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री कालिका इन्जिनियरिङ्ग कन्सल्टेसी एण्ड डिजाइनरबिरेन्द्रनगर सुर्खेतलाई बिशेष धन्यवाद दिन चाहन्छु ।

...............
उपाध्यक्ष
डिल्ली राज जैसी

# मेरो भन्नु

कुनै पनि बिकासको मार्ग तयार गर्न योजनाको सही छनोट प्रभावकारी कार्यान्यिन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णयलिन तथ्याङ्कको आवश्यकता पर्दछ। बिगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भबिष्यका लागि योजनातर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तु निष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्य योजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भबिष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँपालिकाको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजैआँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर गाउँको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भनेअर्कोतर्फ यसबाट हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्ने माध्यमको रुपमा लिन सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने बिषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू तथा सदस्यहरु, वडा सचिव साथीहरू बिभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोगपुऱ्याउनु हुने परामर्शदाता श्री कालिका इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड डिजाइनरबिरेन्द्रनगर सुर्खेत लाई हार्दिक आभार व्यक्तगर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

..........................

प्रमुख प्रशासकीय अधिकृत

बिनाद अधिकारी

**कार्यक्रम संयोजन तथा प्रारूप तयारी**

थमन योगी

९८५७८४४४४८०

Yogithaman480@gmail.com

**भाषा सम्पादन**

डा.सुधन पौडेल

**स्थलगत अध्ययन/तथ्याङ्क सङ्कलन**

श्रवणदेवकोटा

सुशील योगी

रेशम रसाईली

निर्मला बस्नेत

लक्ष्मी खडका

आसमान योगी

दीपा गौतम

**तथ्याङ्क व्यवस्थापन**

श्रवण देवकोटा

**डाटा इन्ट्री**

अनुज पोखेल

# दुई शब्द

कुमाख गाउँपालिकामा बसोबास गर्ने गाउँबासीको आर्थिक-सामाजिक स्थितिको अध्ययन गरी गाउँपालिका प्रोफाइल निर्माणका लागि कुमाख गाउँपालिकाको गाउँपालिका र कालिका ईन्जिनियरीङ्ग कन्सल्टेसी एण्ड डिजाइनर बिच २०७४ मंसिर २७ गते सम्पन्न सम्झौताअनुसार उक्त कामको थालनी गरिएको थियो । सो काम भर्खरै सम्पन्न भएको छ र प्रस्तुत प्रतिवेदन सोही कार्यक्रमसँग सम्बन्धित छ । सल्यान जिल्लामा अवस्थित आफ्नै पुरातन सांस्कृतिक गौरव र गरिमाले युक्त कुमाख गाउँपालिकाको समग्र वस्तुस्थितिको अध्ययन गरी यस रूपमा प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।

कुमाख गाउँपालिकाले हामीलाई यति महत्त्वपूर्ण कामको जिम्मेवारी दिएर आर्थिक सहयोगसमेत उपलब्ध गराई निकै ठूलो अवसर प्रदान गरेको हो । हामीले यो पार्श्वचित्र निर्माणको काम सुरु गर्नुअघि एउटा प्रश्नावलीको खाका निर्माण गरी गाउँपालिका र यहाँ रहेका राजनीतिक पार्टीलगायत अन्य सरोकारवालाहरूसँग छलफल गरेका थियौं । छलफलका क्रममा उहाँहरूले दिएको सुझावअनुरूप प्रश्नावलीलाई परिमार्जन गरी अन्तिम रूप दियौं । तथ्याङ्क सङ्कलनमा स्थानीय जनशक्तिलाई उपयोग गर्दा जनतासँगको अन्तर्क्रिया सहज हुने र खोजेको तथ्याङ्क पाउन कुनै झन्झट नहुने साथै गाउँपालिकाको स्रोत साधन गाउँपालिकाबासीकै फाइदाका लागि लगानी हुने सोचले गाउँपालिकाको चाहनाअनुसार हामीले स्थानीय जनशक्तिलाई नै यो काममा उपयोग गरेका थियौं । यसबाट धेरै कुरा सहज र सरल बन्न पुगेको हाम्रो ठहर छ । तर यसका लागि गणकहरूलाई राम्रो तालिम र निरन्तर मार्गनिर्देशनको आवश्यकता पर्दो रहेछ । अध्ययनका विभिन्न चरणमा हामीले हासिल गरेको यो अनुभवबाट अरूले पनि शिक्षा लिन सक्ने छन् ।

अध्ययन सुरु गर्नुअघि हामीलेकुमाख गाउँपालिकालाई बाह्य रूपमा सतही ढङ्गले मात्र चिनेका थियौं। तर अनुसन्धानको काममा गहिरिँदै जाँदा हामीलाई यो गाउँपालिकाका धेरै अन्तरङ्ग पक्षहरूको जानकारी प्राप्त भयो । यसले हाम्रो ज्ञान र जानकारीको दायरा निकै फराकिलो भएको र व्यक्तिगत एवं संस्थागत रूपमा समेत हामी निकै लाभान्वित भएको अनुभव गरेका छौं ।

वास्तवमा कुनै पनि अध्ययन कहिल्यै पूर्ण हुँदैन । एउटा पक्ष हेरेपछि त्योसँग जोडिएको अर्को पक्ष देखापर्छ र यो क्रम निरन्तर चलिरहन्छ । यस दृष्टिले हामीले गरेको यो अध्ययनमा कुमाख गाउँपालिकाका सबै पक्ष समेटिएका छन् र अब केही कुरा पनि बाँकी छैनन् भन्ने दाबा हामी गर्दैनौं । तर हामीले यो अध्ययनलाई जतिसक्दो परिपूर्ण र अधिक सूचनामूलक बनाउने प्रयत्न चाहिँ अवश्य गरेका छौँ। यसले कुमाख गाउँपालिकाको वर्तमान अवस्थाको यथार्थ तस्विर प्रस्तुत गर्ने अपेक्षा हामीले राखेका छौँ। यसबाट गाउँपालिकाका साथसाथै विभिन्न सरकारी-गैरसरकारी निकायहरूलाई योजना निर्माणका लागि आवश्यक पर्ने तथ्याङ्क र सूचनाहरू सहज ढङ्गले उपलब्ध हुनेछन् । यसलाई अझ बढी सूचनामूलक बनाउन के गर्न सकिन्छ भन्नेबारे सबैको सुझाव प्राप्त हुने हाम्रो आशा छ ।

पार्श्वचित्र निर्माणमा सक्रिय रहने यस संस्थाका अनुसन्धानकर्ताश्रवण देवकोटालाई हार्दिक धन्यवाद दिन चाहन्छैं । यस क्रममा गाउँपालिकाका अध्यक्ष श्री दिलमाया बुढामगर गिरी. उपाध्यक्ष श्री डिल्लीराज जैसी पुनज्यूबाट प्राप्त सहयोग र हौसला अविस्मरणी छ र सहयोग र सुझावको हामी मुक्तकण्ठले प्रशंसा गर्दछौं । त्यसैगरी तथ्याङ्क सङ्कलनमा सहयोग पुर्‍याउने स्थानीय युवा भाइबहिनीहरूलाई हामी हार्दिक धन्यवाद प्रदान गर्दछौँ । यो पार्श्वचित्रले कुमाख गाउँपालिकासँग साक्षात्कार नगरेका व्यक्तिहरूले समेत गाउँपालिकाको चिनारी प्राप्त गर्न सके भने हामीले हाम्रो प्रयास सफल भएको ठान्नेछौं ।

# बिषय सूची

**बिषय शीर्षकपृष्ठ सङ्ख्या**


दुई शब्द
बिषय सूची
तालिका सूची
कुमाख संक्षिप्त झलक

**खण्ड एक : पार्श्वचित्र निर्माणका बिधि तथा प्रक्रियाहरू**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ उद्धेश्य | १ |
| १.३ तथ्याङ्कको स्रोत | २ |
| १.४ क्लस्टर बिभाजन | २ |
| १.५ प्रश्नावली निर्माण | २ |
| १.६ तथ्याङ्क सङ्कलन | ३ |
| १.७ तथ्याङ्क व्यवस्थापन | ३ |
| १.८ तथ्याङ्क गुणस्तर नियन्त्रण | ४ |
| १.९ सीमा तथा चुनौतीहरू | ४ |

**खण्ड दुईः कुमाखगाउँपालिकाको संक्षिप्त चिनारी**

| | |
|---|---|
| २.१ कुमाख नामकरण | ६ |
| २.२ भौगोलिक परिचय | ६ |
| २.३ राजनैतिक तथा प्रशासनिक बिभाजन | ७ |
| २.४ घरधुरी र जनसङ्ख्या विवरण | ८ |
| २.४.१ घरधुरी विवरण | ८ |
| २.४.२ लैङ्गिक आधारमा घरमूली | ९ |
| २.४.३ जनसङ्ख्या विवरण | १० |
| २.५ जमिनको प्रकृति, बितरण र उर्वरा शक्ति | ११ |
| २.६ बालीनाली र फलफूल | १२-१४ |
| २.७ जलवायु | १५ |
| २.८ पर्यावरणीय स्वरूप | १५ |
| २.९ नदी र तालहरू | १५ |

२.१० महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू १६
२.११ प्रमुख चाडपर्वहरू १६-१८
२.१२ धर्म, जातजाति तथा भाषागत विवरण १९
२.१२.१ धर्म १९
२.१२.२ जातीय समूह २०
२.१२.३ मातृभाषा २१
२.१३ भू-उपयोग २२
२.१३.१ शहरीकरण तथा बस्ती बिकासको स्वरूप २२
२.१३.२ शहरी क्षेत्रको भू-उपयोगको बिद्यमान समस्यार सम्भावनाहरू २३
२.१४ भौतिक पूर्वाधारहरू २३
२.१४.१ सडक २३-२५
२.१४.२ खानेपानी २६-२९
२.१४.३ सरसफाइ, ढल निकास व्यवस्थापन ३०-३३
२.१४.४ बिद्युत ३४
२.१४.५ सञ्चार ३५
२.१४.६ ऊर्जा/इन्धन ३६-३७
२.१५ गाउँपालिका भित्रका अन्य विवरणहरू ३८

## खण्ड तीन : पारिवारिक विवरण

३.१ जनसांख्यिकी ५०
३.१.१वडा अनुसार घरधुरी र जनसङ्ख्या ५०
३.१.२ वडा अनुसार जातीय जनसङ्ख्या ५०
३.१.३ उमेर समूह अनुसार जनसङ्ख्या ५१

## खण्ड चार : सामाजिक अवस्था

४.१ साक्षरता ५४
४.१.१ लिङ्ग अनुसार साक्षरता ५४
४.१.२ वडा अनुसार साक्षरता ५४
४.१.३ उमेर समूह अनुसार साक्षरता ५५
४.१.४ जातीयता अनुसार साक्षरता ५६
४.१.५ तहगत शैक्षिक अवस्था ५७
४.२ वैवाहिक अवस्था ५८
४.२.१ लिङ्ग अनुसार वैवाहिक अवस्था ५८
४.२.२ वडा अनुसार वैवाहिक अवस्था ५९

४.२.३ जात अनुसार वैवाहिक अवस्था ६०
४.२.४ साक्षरता अनुसार वैवाहिक अवस्था ६१
४.२.५ बिवाहको उमेर ६१
४.३ बसोबास र बसाइँसराइ ६२
४.३.१ वडा अनुसार बसोबास अवस्था ६२
४.३.२ बसाइँसराइ गरी आएको जिल्ला विवरण ६२
४.४ जन्म र मृत्यु ६३
४.४.१ वडा अनुसार जन्म स्थिति ६४
४.४.२ वडा अनुसार मृत्यु स्थिति ६४
४.४.३ वडा अनुसार अपांगता स्थिति ६५
४.५ स्वास्थ्य ६६
४.५.१ वडा अनुसार स्वास्थ्य संस्था ६६
४.५.२ वडा अनुसार स्वास्थ्य संस्था प्रयोग ६७
४.५.३ वडा अनुसार स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा सन्तुष्टी ६७
४.५.४ वडा अनुसार स्वास्थ्य संस्था पुग्न लाग्ने समय ६८
४.५.५ वडा अनुसार नियमित गर्भवति जाँच ६९
४.५.६ वडा अनुसार एड्स सम्बन्धी जानकारी ७०

## खण्ड पाँच : आर्थिक अवस्था

५.१ बसोबास गरिरहेको घरको विवरण ७१
५.१.१ घरको स्वामित्वको अवस्था ७२
५.१.२ घरको बनावट अवस्था ७३
५.१.३ घरको छानाको अवस्था ७५
५.१.४ भूकम्पीय जोखिम ७६
५.२ पेशा ७६
५.२.१ लिङ्ग अनुसार पेसा ७७
५.२.२ वडा अनुसार पेसा ७७
५.३ आम्दानी/आयस्रोत ७८
५.३.१ आम्दानीको मुख्य स्रोत ७८
५.३.२ परिवारको मासिक आम्दानी ७९
५.३.३ परिवारको मासिक वचत ८०
५.३.४ परिवारको मासिक वचत संचिति ८१

५.३.५ आर्थिक हैसियत ८२
५.३.६ पारिवारिक ऋण अवस्था ८३
५.३.७कुमाखगाउँकार्यपालिका रोल्पा जुगार रोल्पा बाट बनेका ऐन, नियम तथा कार्यबिधिहरु ८४

**खण्ड छ : उपसंहार, समस्या र सुझावहरू**

६.१ उपसंहार ९८

६.२ समस्या, सम्भावना र सुझावहरू १००

**सन्दर्भ सामग्रीहरू**

**अनुसूचीहरू**

# तालिका सूची

तालिका नं. १.१**जम्मा घर धुरी, जनसंख्या** **३**
तालिका नं. २.१: गा.बि.स समायोजन ७
तालिका नं. २.२: वडा अनुसार टोल बस्ती७
तालिका नं. २.३: वडा अनुसार परिवार सङ्ख्या ८
तालिका नं. २.४: लिङ्ग अनुसार घरमुली १०
तालिका नं. २.५: वडागत जनसंख्या १०
तालिका नं. २.६: लिङ्ग अनुसार बाहिर बसोबास गर्ने जनसङ्ख्या ११
तालिका नं. २.७: बाहिर बसोबास गर्ने स्थान अनुसार जनसङ्ख्या १२
तालिका नं. २.८: जन गणनामा छुटेको जनसङ्ख्या १२
तालिका नं. २.१०:प्रमुख बालीनाली र फलफूल १४
तालिका नं. २.११: महत्त्वपूर्ण ताल, तलैयाहरू २०
तालिका नं. २.१२: महत्त्वपूर्ण मन्दिर, पाटीपौवा र चौताराहरू २०
तालिका नं. २ १३:धर्मअनुसार जनसङ्ख्या २१
तालिका नं. २.१४:जातीयता अनुसार जनसङ्ख्या २२
तालिका नं. २.१५: मातृभाषा अनुसार जनसङ्ख्या ८६
तालिका नं. २.१६: भू-उपयोग २३
तालिका नं. २.१७: सरकारी जग्गाको विवरण २६
तालिका नं. २.१८:सडकका किसिम सम्बन्धी विवरण २७
तालिका नं. २.१९: सार्वजनिक धारा २८
तालिका नं. २.२०:वडा अनुसार पिउने पानीको स्रोत २९
तालिका नं. २.२१: पिउने पानीको स्वच्छता र सफापन २९
तालिका नं. २.२२: पिउने पानी शुद्ध पार्ने तरिका ३०
तालिका नं. २.२३: खानेपानीको पर्याप्तता ३२
तालिका नं. २.२४:शौचालय रहेका र नरहेका घरधुरीहरू ३३
तालिका नं. २.२५: घरबाट निस्केको फोहोर पानीको व्यवस्थापन गर्ने तरिका ३४
तालिका नं. २.२६: वडागत रूपमा घरबाट निस्किने फोहोरको मात्रा ३५
तालिका नं. २.२७: वडागत रूपमा ठोस फोहोरको व्यवस्थापन गर्ने तरिका ३६
तालिका नं. २.२८:बत्ती बाल्नका लागि प्रयोग गरिने ऊर्जा ३७
तालिका नं. २.२९:सञ्चार माध्यम ३८
तालिका नं. २.३०: खाना पकाउन प्रयोग गरिने इन्धन ३३
तालिका नं. २.३१: बिषयगत कार्यालयहरू ३४

तालिका नं.२.३३: गाउँपालिकामा रहेका क्याम्पस ३६

तालिका नं.२.३४: गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरू ३७
तालिका नं.२.३६: गाउँपालिकामा रहेका सेवा र मर्मत सम्भार केन्द्रहरू ३८
तालिका नं.२.३७: गाउँपालिकामा सञ्चालित हाट बजार तथा मेलाहरू ३८
तालिका नं. २.४०: ०७४/७५ मा इलाका प्रहरी कार्यालयमा दर्ता भएका अपराधहरू ४०
तालिका नं. २.४१: वैदेशिक रोजगारीको स्थिति ४०
तालिका नं.२.४२: अन्तर गाउँपालिका, गाबिस र जिल्ला सम्बन्ध ४१
तालिका नं. ३.१: वडा अनुसार घरधुरी र जनसङ्ख्या ४२
तालिका नं. ३.२: वडागत जातीय विवरण ४३
तालिका नं. ३.३: उमेर समूह अनुसार जनसङ्ख्या ४४
तालिका नं.३.४ क: वडा अनुसार उमेर समूहका आधारमा पुरुष जनसङ्ख्या विवरण ४४
तालिका नं. ३.४ ख: वडा अनुसार उमेर समूहका आधारमा महिला जनसङ्ख्या विवरण ४५
तालिका नं. ३.४ ग: वडा अनुसार उमेर समूहका आधारमा समष्टिगत जनसङ्ख्या विवरण ४५
तालिका नं.४.१: लिङ्ग अनुसार साक्षरता ४६
तालिका नं. ४.२: वडा अनुसार साक्षरता ४७
तालिका नं. ४.३: उमेर समूह अनुसार साक्षरता ४८
तालिका नं. ४.४: जातीयता अनुसार साक्षरता ४८
तालिका नं. ४.५: वडा अनुसार शैक्षिक स्थिति ४९
तालिका नं. ४.६: लिङ्ग अनुसार वैवाहिक स्थिति ५०
तालिका नं.४.७: वडा अनुसार वैवाहिक स्थिति ५१
तालिका नं. ४.८: जातीयता अनुसार वैवाहिक स्थिति ५१
तालिका नं. ४.९: साक्षरता अनुसार वैवाहिक स्थिति ५२
तालिका नं.४.१०: जातीय आधारमा बिवाह गर्दाको उमेर ५२
तालिका नं. ४.११: वडा अनुसार बसाइसराइ गरी आउने स्थिति ५३
तालिका नं. ४.१२: वडाअनुसार बसाइँ सराइँ गरी आउने जिल्लाहरू ५४
तालिका नं.४.१३: वडा अनुसार बिगत १२ महिनामा जन्म स्थिति ५५
तालिका नं. ४.१४: वडा अनुसार बिगत १२ महिनामा मृत्यु स्थिति ५६
तालिका नं. ४.१५: वडा अनुसार अपांगता स्थिति ५७
तालिका नं.४.१६: वडा अनुसार बिरामी भएमा सर्वप्रथम उपचारलाई जाने स्थान ५७
तालिका नं. ४.१७: वडा अनुसार स्वास्थ्य संस्थामा जाँच गराउने स्थिति ५८
तालिका नं. ४.१८: वडा अनुसार स्वास्थ्य संस्थामा प्रदान गरिने सेवा सन्तुष्टी ५९
तालिका नं. ४.१९: वडा अनुसार स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय ६०
तालिका नं. ४.२०: वडा अनुसार नियमित गर्भवती जाँच ६१
तालिका नं. ४.२१: वडा अनुसार एड्स सम्बन्धी परिवारिक जानकारी ६२
तालिका नं.४.२२: गाउँपालिकामा कार्यरत स्वास्थ्य संस्थाहरू ६२
तालिका नं. ५.१: वडा अनुसार हाल बसोबास गरिरहेको घरको स्थिति ६३
तालिका नं. ५.२: वडा अनुसार घरको स्वामित्व ६४
तालिका नं.५.३: वडा अनुसार घरको बनावट ६५
तालिका नं.५.४: घरको बनावट ६५
तालिका नं.५.५ :वडा अनुसार घरको छाना ६६

तालिका नं.५.६: वडा अनुसार भूकम्पीय जोखिम स्थिति ६७
तालिका नं.५.७: लिङ्ग अनुसार पेशामा संलग्न जनसङ्ख्या ६८
तालिका नं.५.८: वडा अनुसार बिभिन्न पेशामा संलग्न जनसङ्ख्या ६८
तालिका नं.५.९: वडा अनुसार आम्दानीका मुख्य स्रोतहरू ६९
तालिका नं. ५.१०: वडा अनुसार परिवारको मासिक आम्दानी ७०
तालिका नं.५.११ :वडा अनुसार परिवारको मासिक बचत ७१
तालिका नं.५.१२: वडा अनुसार परिवारको मासिक बचत सञ्चय ७२
तालिका नं. ५.१३: वडा अनुसार घर परिवारको आर्थिक हैसियत ७३
तालिका नं.५.१४: वडा अनुसार घर परिवारको ऋण ७४

## कुमाखको संक्षिप्त झलक

| | |
|---|---|
| प्रदेश | कर्णाली |
| अञ्चल | राप्ती |
| जिल्ला | सल्यान |
| भौगोलिक स्थिति | २८°४१′ ०३″उत्तरी अक्षांश र ८०°५६′ ४३″ पूर्वी देशान्तर |
| भौगोलिक क्षेत्र | पहाडी क्षेत्र |
| सीमाना | पूर्वमा रुकुम दार्मा पश्चिममा बानघाड , उत्तरमा रुकम र दक्षिणमा बागचौर नगरपालिका , ढोरचौर गा.पा, |
| प्रशासनिक विभाजन | ७ वटा वडा |
| पूर्व गाविस स्थिति | वि.सं. २०७३ सालमा गाउँपालिका बन्नुभन्दा पहिलेका ४ वटा गाविस बडागाउँ, कालागाउँ, जिमाली, स्वीकोट र मर्मपरिकाँडागाविसलाई मिलाएर यो गाउँपालिका बनाइएको |
| घरधुरी संख्या | ५८०६ |
| जनसंख्या | १६९९६ (महिला) १६३७८ (पुरुष) ३३३४७ (जम्मा) |
| समुद्र सतहबाट उचाई | ४५०-२००० मि. उचाई |
| औसत वर्षा | १८४०.मि.मि.सम्म |
| औसत वार्षिक तापक्रम | अधिकतम तापक्रम जेठ-असारतिर ३८.२ देखि ३१.२ डिग्री सेन्टिग्रेटसम्म र पौष-माघतिर न्यूनतम २.२ देखि अधिकतम २६.४ डिग्री सेन्टिग्रेट |
| जलवायु | समशीतोष्ण जलवायु |
| मुख्य नदीनालाहरू | कुमाख खोला, |
| मुख्य तालहरू | |

# खण्ड एक

# पार्श्वचित्र निर्माणका विधि तथा प्रक्रियाहरू

## १.१ पृष्ठभूमि

## १.२ उद्देश्य

यो पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य कुमाखगाउँपालिकाको आवधिक विकास योजना निर्माणका निम्ति सामाजिक, आर्थिक, भौगोलिक र अन्य क्षेत्रमा आधारित रहेर तथ्याङ्क प्रकाशित गर्नु हो । त्यसैगरी स्रोत र तथ्याङ्कका सहायताले गाउँपालिकाको उद्देश्य निर्माणको समीक्षागत मूल्याङ्कनमा सहयोग पुर्‍याउनु पनि यस पार्श्वचित्र निर्माणको अर्को उद्देश्य हो । यसले तथ्याङ्क र सूचनामा आधारित भई योजना तर्जुमा गर्ने प्रक्रियामा आधारभूत जग (Fundamental Basis)को काम गर्छ । यस दस्तावेजले कुमाखगाउँपालिकामा विकाससम्बन्धी कार्यमा संलग्न व्यक्ति, संस्था वा निकायलाई गाउँपालिकाको विद्यमान अवस्थाको वस्तुपरक तथ्य उपलब्ध गराई कार्यक्रमलाई कुन क्षेत्रमा सञ्चालन गर्न उपयुक्त हुन्छ भन्ने कुरा निक्यौंल गर्न मार्गदर्शन गर्दछ । गाउँपालिका मात्र नभएर सल्यान जिल्लाको विकास निर्माणमा चाख राख्ने र अध्ययन अनुसन्धान गर्नेलाई समेत यसले मद्दत पुर्‍याउँछ । साथै जिल्लास्तरीय, क्षेत्रीय र राष्ट्रिय योजना तर्जुमाका लागि समेत यसबाट टेवा पुग्छ । पार्श्वचित्र निर्माणका अन्य विशिष्ट उद्देश्यहरू निम्न छन् :

१. कुमाखगाउँपालिकाको शिक्षा, स्वास्थ्य, सञ्चार, सडक तथा यातायात, विद्युत्, खानेपानी, सामाजिक सुरक्षा र फोहोरमैलाको व्यवस्थापनसम्बन्धी वस्तुगत विवरण तयार गर्ने,

२. कृषि, व्यापार, उद्योग, रोजगार, व्यक्तिगत घटना, पर्यटन, सांस्कृतिक सम्पदा र संघ संस्थाको सूची तयार पार्ने,

३. गाउँको भौतिक पूर्वाधार, आयव्यय, सम्पत्ति र जनशक्तिको तथ्याङ्क तयार पार्ने,

४. गाउँपालिकाका महत्त्वपूर्ण क्षेत्र, सम्भावना र समस्याहरूको सूची बनाउने,

५. गाउँको वडास्तरीय सङ्क्षिप्त तथ्याङ्क तयार पार्ने,

६. गाउँपालिकाको अल्पकालीन तथा दीर्घकालीन योजना तथा नीति निर्माण गर्न सहयोग पुर्‍याउने,

७. आवधिक योजना तर्जुमा गर्न सघाउने,

८. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दातृ निकाय, संघ संस्था आदिलाई विकास निर्माण कार्यमा आवश्यक सूचना उपलब्ध गराउने ।

## १.३ तथ्याङ्कको स्रोत

प्रस्तुत वस्तुगत विवरण तयारीका लागि प्राथमिक स्रोतका रूपमा यहाँका बासिन्दाहरूको सामाजिक, आर्थिक तथा जानसांख्यिक विवरणहरू प्रत्यक्ष अवलोकन तथा अन्तरवार्ताका माध्यमबाट लिइएको छ भने यहाँको भौतिक पूर्वाधार तथा सेवाका क्षेत्रसम्बन्धी तथ्याङ्कहरू आवश्यकताका आधारमा द्वितीय स्रोतबाट पनि लिइएको छ ।

## १.४ क्लस्टर विभाजन

तथ्याङ्क सङ्कलनलाई व्यवस्थित, सहज र सरल बनाउन तथा तथ्याङ्क दोहोरिने र छुट्ने **(Over Count /Under Count)** सम्भावनालाई कम गर्न यस गाउँपालिकाभित्रका पूर्वगाविसहरू स्वीकोट, मर्मपरिकाँडा, कालागाउँ, बडागाउँ, जिमाली क्षेत्रलाई अलग अलग क्लस्टरहरूमा विभाजन गरिएको थियो ।

## १.५ प्रश्नावली निर्माण

गाउँपालिकाको वस्तुगत विवरण निर्माणका लागि तयार गरिएको प्रस्तुत ढाँचामा सूचना सङ्कलनका लागि घरधुरीस्तर, बस्तीस्तर, वडास्तर र गाउँपालिकास्तर गरी चार तहमा सूचना सङ्कलन गरिएको थियो । घरधुरी सर्वेक्षणका लागि घरमूलीको नाम, परिवारका सदस्यको सङ्ख्या, लिङ्ग, उमेर, शैक्षिक अवस्था, वैवाहिक स्थिति, पेसा, मातृभाषा, धर्म, जात र घरपरिवारको सामाजिक, आर्थिक विवरण सङ्कलन गरिएको थियो । त्यसैगरी बस्ती, वडा तथा गाउँपालिकास्तरमा रहेका प्रबुद्ध वर्ग तथा व्यक्ति, सामाजिक संघ संस्था, कार्यालयहरूबाट सम्बन्धित क्षेत्रका सूचना सङ्कलन गरिएको थियो । उल्लिखित सूचना सङ्कलनका लागि अलग अलग प्रश्नावली तयार पारी सम्बन्धित क्षेत्रमा गएर प्रश्नावलीको पूर्वजाँच (Pre-test) समेत गरिएको थियो ।

प्रस्तुत पार्श्वचित्र निर्माणका क्रममा सीमित साधन र स्रोतको अधिकतम परिचालन गरी गाउँपालिकाका ५८०६परिवार सङ्ख्यालाई आधार बनाएर सर्वेक्षण गरिएको थियो । यस सर्वेक्षणमा सबै व्यक्तिहरूलाई समावेश गरिएको थियो । अध्ययनका लागि छनौट गरिएका परिवार सङ्ख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १.१**

**अध्ययनका लागि छनौट गरिएका परिवारसङ्ख्या**

| वडा नं. | जम्मा घर सङ्ख्या | प्रर्तिशत | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | प्रर्तिशत | महिला | प्रतिशत | जम्मा जनसङ्ख्या | प्रर्तिशत |
| १ | ७५४ | १२.९८६५६५६ | १३९७ | ८.५२९७३५०१ | १४८४ | ८.७३१४६६२२७ | २८८१ | ८.६३९४५७८२ |
| २ | ७०४ | १२.१२५३८७५ | १३९५ | ८.५१७५२३५१ | १४३२ | ८.४२५५११८८५ | २८२७ | ८.४७७५२४२२ |
| ३ | ९९५ | १७.१३७४४४ | ३०७४ | १८.७६९०८०५ | ३०८५ | १८.१५१३२९७२ | ६१९५ | १८.५७७३८३३ |
| ४ | ७४३ | १२.७९७१०६४ | ३१९६ | १९.५१३९८२२ | ३२३२ | १९.०१६२३९१२ | ६४२८ | १९.२७६०९६८ |
| ५ | ८६१ | १४.८२९४८६७ | ३१२५ | १९.०८०४७३८ | ३२९२ | १९.३६९२६३३६ | ६४१७ | १९.२४३११०३ |
| ६ | ९६८ | १६.६७२४०७९ | २१२१ | १२.९५०२९९२ | २२४३ | १३.१९७२२२८८ | ४३६४ | १३.०८६६३४५ |
| ७ | ७८१ | १३.४५१६०१८ | २०७० | १२.६३८९०५८ | २१६५ | १२.७३८२९१३६ | ४२३५ | १२.६९९७९३१ |
| **जम्मा** | **५८०६** | **१७.४१०८६२** | **१६३७८** | **४९.११३८६३** | **१६९९६** | **५०.९६७१०३** | **३३३४७** | १०० |

## १.६ तथ्याङ्क सङ्कलन

वस्तुगत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न एक जना फिल्ड सुपरभाइजरका साथै हरेक क्लस्टरमा एक जना पुरुष र एक जना महिला गणक रहने गरी जम्मा तीन वटा समूह बनाइएको थियो । हरेक समूहलाई एकैचोटि परिचालन गरी पूर्वजाँच गरिएको (Pre-tested) प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्कको उच्च विश्वसनीयताका लागि सम्भव भएसम्म घरमूलीसँग नै अन्तर्वार्ता लिइएको थियो । कतिपय प्रश्नावलीमा उत्तरदाताको उत्तरलाई अवलोकनमार्फत पनि जाँच गरी सही तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## १.७ तथ्याङ्क व्यवस्थापन

यस पार्श्वचित्रमा तथ्याङ्कलाई सहज, सरल र औचित्यपूर्ण ढङ्गले प्रस्तुत गर्न फिल्डबाट प्रश्नावली भरेर ल्याइएको कच्चा तथ्याङ्कलाई तथ्याङ्कीय विधिको उपयोग गरेर तथ्याङ्क व्यवस्थापन गरिएको छ । यसरी ल्याइएको प्रश्नावलीलाई अलगअलग**ID Number**दिई प्रत्येक प्रश्नको प्रत्येक **Variable** लाई **Code Number**दिएर**Coding**मार्फत**Coding Manual**तयार गरियो । यही **Coding Manual**का आधारमा**CSPro 6** मा**Data Entry** गरियो । सो **Entry** गरिएको तथ्याङ्कलाई प्रशोधन गर्न **SPSS 13** मा **convert** गरेर आवश्यकताअनुसार **Frequency**, **Percentage,Cross Tabulation** आदि प्रयोग गरिएको छ।

## १.८ तथ्याङ्कको गुणस्तर नियन्त्रण

प्रस्तुत पार्श्वचित्र निर्माण गर्दा सङ्कलित तथ्याङ्कहरूको गुणस्तर तथा विश्वसनीयता कायम गर्नका लागि निम्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको छ :

१) स्थानीय व्यक्तिहरूलाई उनीहरूको क्षेत्रका बारेमा बढी जानकारी हुने भएकाले गणक छान्दा स्थानीय व्यक्तिहरूबाट छानिएको थियो । गणकहरूको कार्य क्षमताको मूल्याङ्कन गर्न सुपरभाइजर भने केन्द्रबाट परिचालन गरिएको थियो ।

२) फिल्ड सुपरभाइजर तथा गणकलाई फिल्डमा परिचालन गर्नुभन्दा अगाडि प्रश्नावली तथा प्रश्नावली भर्ने तरिका र समग्र फिल्ड व्यवस्थापनबारे अभिमुखीकरण तालिम प्रदान गरिएको थियो ।

३) गणकलाई अभिमुखीकरण तालिमका बेला एक अर्काको घरपरिवारको विवरण प्रश्नावलीमा भर्न लगाई उनीहरूको कमी कमजोरी सच्याइएको थियो ।

४) तथ्याङ्क दोहोरिने तथा छुट्ने सम्भावनालाई कम गर्न सम्पूर्ण गाउँपालिकालाई तिन वटा Clusterमाविभाजन गरी हरेक Clusterमा अलग अलग गणक समूह खटाइएको थियो ।

५) गणकले तथ्याङ्क लिँदा गर्ने गल्तीलाई कम गर्न फिल्ड सुपरभाइजरलाई गणकसँगसँगै परिचालन गरिएको थियो ।

६) दिनभर तथ्याङ्क सङ्कलन गर्दा आइपरेका समस्या तथा कठिनाइहरूका बारेमा बेलुका भेला हुने निश्चित ठाउँमा फिल्ड सुपरभाइजर र गणकबिच छलफल हुने वातावरण निर्माण गरिएको थियो ।

७) प्रश्नावलीको पूर्वजाँच(Pre-test) गरिएको थियो ।

## १.९ सीमा तथा चुनौतीहरू

भरपर्दो र बलियो तथ्याङ्कीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । योजना तर्जुमा प्रक्रिया जति बढी उचित तहको पर्याप्त तथ्याङ्क र सूचनामा आधारित हुन सक्यो, त्यो योजना त्यति नै बढी वस्तुपरक र वैज्ञानिक हुन्छ । यस वस्तुनिष्ठ तथ्यलाई गाउँपालिका र सबै सरोकारवाला संस्थाले महसुस गरे तापनि कुमाख गाउँपालिकामा पहिलो पटक पार्श्वचित्र निर्माणको काम हुन थालेकाले कतिपय तथ्याङ्कहरू हालसम्म गाउँपालिकामा सृजना नै हुने नगरेका, कतिपय भएका तथ्याङ्कको विश्वसनीयता कम भएको, विभिन्न तहमा छरिएका स्रोत र संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले स्रोतपिच्छे तथ्याङ्कहरू बाझ्ने स्थिति समेत रहेको एवम् अन्य कतिपय व्यावहारिक कठिनाईहरूले गर्दा केही महत्त्वपूर्ण तथ्याङ्कहरू अझै पनि पूर्ण रूपमा उपलब्ध हुन सकेनन् । समय, साधन र स्रोतको सीमितताले पनि यसमा ठूलो भूमिका खेलेको छ । कतिपय प्राप्त हुन नसकेका वा जुटाउन नसकिएका तथ्याङ्कहरू आगामी दिनमा गाउँपालिकाबाट पूरा हुने वा पार्श्वचित्रको परिष्कार परिमार्जन हुँदै जाने विश्वास गर्न सकिन्छ ।

## खण्ड दुई

# कुमाख गाउँपालिकाको सङ्क्षिप्त चिनारी

## २.१ नामकरण

संघिय गणतन्त्र राज्य नेपालको ६ नं: प्रदेश अर्न्तगत सल्यान जिल्लाको १० वटा स्थानिय तह मध्येको कुमाख गाँउपालिका पनि एक हो । अति सौन्दर्य मनामोहक प्रसिद्ध कुमाख लेख नामवाट नामाकरण गरिएको यस गाँउपालिकाको केन्द्र रागेचौर मा रहेको छ । यस गाँउपालिका सल्यान जिल्ला सदरमुकाम देखी ५१ कि.मि. उत्तरी पुर्व भागमा अवस्थिती रहेको छ। सातवटा वडाहरु रहेका ( बडागाउँ, कालागाउँ, जिमाली, स्वीकोट र मर्मपरिकाँडा) यस गाँउपालिकाको क्षेत्रफल १७७.२७ वर्ग कि.मि. र जनसंख्या ३३३४७ रहेको छ। साविकका ५ वटा गाँउ विकास समितिहरु मिलाइएर वनेको यस कुमाखगाँउपालिकाको सिमाना पुर्वमा दार्मा,बागचोर पश्चिममा बनघाड ,रुकुम उत्तरमा दक्षिणमा बागचौर,ढोरचौर रहेका छन ।

### हावापानी

समुन्द्री सतह देखी करिव **४००** मिटर देखी २००० मिटर सम्मको भौगोलिक उचाईमा अवस्थित यस कुमाख गाँउपालिकामा न्यानो समशितोषण हावापानी देखी ठण्डा समशितोषण सम्मको हावापानी पाईन्छ ।



## २.२ भौगोलिक परिचय

भौगोलिक विभाजनअनुसार कुमाखगाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको पश्म उत्तर भागमा रहेको मध्यमस्तरको आबादी भएको गाउँपालिका हो । यो गाउँपालिका भौगोलिक हिसाबले पहाडी भेगमा पर्दछ । । यहाँको हावापानी समशीतोष्ण खालको रहेको छ । भौगोलिक एवम् प्राकृतिक विविधतायुक्त यस गाउँपालिकाक्षेत्रले ऐतिहासिक महत्त्व पनि राख्दछ । पर्यटकीय हिसाबले पनि यो गाउँ अत्यन्तै सुन्दर एवम् मनमोहक देखिन्छ ।

वि.सं.२०७३ सालमा सल्यान जिल्लाको पश्म उत्तर भागमा पर्ने ४ वटा कालागाउँजिमाली, स्वीकोट रमर्मपरिकाँडा समेतलाई मिलाएर अहिलेको कुमाख गाउँपालिका निर्माण गरिएको हो । नव स्थापित यस गाउँपालिकालाई प्रशासनिक दृष्टिकोणबाट ७ वटा वडामा विभाजन गरिएको छ । पहिलेका गाविसका विभिन्न वडाहरूलाई समायोजन गरी वर्तमान गाउँपालिकाका वडाहरूको निर्माण निम्नानुसार भएको छ :

**तालिका नं. २.१**
**गाविस समायोजन**

| हालको गाउँपालिकाका वार्डहरू | पहिलेको गाविस | पहिलेको गाविसको वार्ड नं. |
|---|---|---|
| १ | स्वीकोट | ४-८ |
| २ | स्वीकोट | १-३,९ |
| ३ | मर्मपरिकाँडा | १-९ |
| ४ | कालागाउँ | १,३-५ |
| ५ | कालागाउँ | २,६-९ |
| ६ | बडागाउँ | १-९ |
| ७ | जिमाली | १-९ |

(स्रोतः कुमाखगाउँपालिका कार्यालय)

यस गाउपालिकाको भौगोलिक अवस्थिति समुद्र सतहबाट ९००-२००० मि. उचाइँमा रहेको छ भने २८$^{0}$ ४१' ०३" उत्तरी अक्षांश र ८०$^{0}$५६' ४३" पूर्वी देशान्तरसम्म फैलिएको छ । गाउपालिकाको अधिकतम तापक्रम जेठ-असारतिर ३८.२ देखि ३१.२ डिग्री सेन्टिग्रेटसम्म र पौष-माघतिर न्यूनतम २.२ देखि अधिकतम २६.४ डिग्री सेन्टिग्रेटसम्म रहेको पाइन्छ । यहाँको औसत वर्षा १८४० मि.मि.सम्म भएको देखिन्छ

## २.३. राजनैतिक तथा प्रशासनिक विभाजन

यस गाउँक्षेत्रभित्र नेपाल सरकारका स्थानीयस्तरका विभिन्न कार्यालयहरू स्थापित एवम् सञ्चालित रहेका छन् । संसदीय निर्वाचन क्षेत्र विभाजनका हिसाबले सल्यानका २ वटा निर्वाचन क्षेत्रमध्ये यो गाउँपालिका १ नं.क्षेत्रमा पर्दछ । यस गाउँपालिकाका प्रत्येक वडामा पर्ने बस्तीहरूको विवरण निम्नानुसार छ :

तालिका नं.२.२
**वडा अनुसार टोलबस्ती**

| वडा नं. | टोल/बस्तीको नामक |
|---|---|
| १ | डाँडागाउँ, भितिवनगाउँ, भितिवन चौर टाटके, माच्पानी, नुवागाउँ, थाला, पाटेखोला, कोट, नन्थाला, साँधनमुढा, खामआले, स्वीकोट पाखा, सानीपिपली, वाउनपाखा, वस्नेवडा आदी । |
| २ | डाँडाकटेरी, काप्रा, कैनकौडा, रुमालगाउँ, बारुले, खारखोला, वाउनगाउँ, रतुवाचाउखा आदी । |
| ३ | वाउन चौर टोल, खोल्यखेत, राम्री, तिमिले, चिनाली, गुरुदासे, खापनेटा, मर्मपरिकाँडा, ईचीखोला, ईखारागेचौर आदी । |
| ४ | वाउनगाउँ, खरखरेइना, वस्नेत जिउला, भण्डारखोला, कोर्ती, यदरा आदी । |
| ५ | बाल्ले, त्वालदारी, खोरेखोला, नेटा, तिमिलकाँडा, तिमिले, झारेकाँडा, च्युराटाकुरा आदी । |
| ६ | पिमाकाटिया, गोलकपुर, च्याउखोला, शेरागाउँ, बडागाउँ, मेलटाकुरा, कोटबारादेबिस्थल, थापाचौर आदी । |
| ७ | च्युराबोट, डाँडागाउँ, कोटबारा, तुरतुरे, हिले, पैयाखोला, पाटकोर, स्यानीजिमाली, ढाराखोला आदी । |

(स्रोत : कुमाखगाउँपालिका कार्यालय)

## २.४ जम्मा जनसङ्ख्या

यसअन्तर्गत सुरुमा जनसङ्ख्या विवरण दिइएको छ । यसमा वडाअनुसार घरधुरी र लैङ्गिक आधारमा वडाअनुसार घरधुरी गरी दुई खालका विवरण समेटिएका छन् ।

## तालिका नं. २.४

## लिङ्गअनुसार घरमूली

| वडा नं. | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ७०० | ९२.८३८ | ५४ | ७.१६१८ | ७५४ | १२.९९ |
| २ | ६९० | ९८.०११ | १४ | १.९८८६ | ७०४ | १२.१३ |
| ३ | ९०५ | ९०.९५ | ९० | ९.०४५ | ९९५ | १७.१४ |
| ४ | ७०० | ९४.२१ | ४३ | ५.७८७ | ७४३ | १२.८ |
| ५ | ८०० | ९२.९२ | ६१ | ७.०८४८ | ८६१ | १४.८३ |
| ६ | ९६० | ९९.१७४ | ८ | ०.८२६४ | ९६८ | १६.६७ |
| ७ | ७११ | ९१.०३७ | ७० | ८.९६२९ | ७८१ | १३.४५ |
| जम्मा | ५४६६ | ९४.१४४ | ३४० | ५.८५६ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

### २.४.३ जनसङ्ख्या विवरण

यस विवरणअन्तर्गत हाल गाउपालिकाभित्र बसोबास गरिरहेको जनसङ्ख्या र विभिन्न प्रयोजनका लागि ६ महिनाभन्दा बढी समय बाहिर बसोबास गर्ने जनसङ्ख्यालाई प्रस्तुत गरिएको छ।

माथिको तालिका नं.२.४ को तथ्याङ्क हेर्दा वडा नं.३ मा महिला घरमूलीहरूको प्रतिशत अधिक ( ९ प्रतिशत) देखिन्छ। यसले उक्त वडाका अधिकांश पुरुषहरू वैदेशिक रोजगारी वा अन्य कामका सिलसिलामा घरदेखि बाहिर गएको कुरा पुष्टि हुन्छ। सोही कुरालाई २०१७ को सर्वेक्षणका क्रममा पाइएको लिङ्ग अनुसार ६ महिनाभन्दा बढी समय बाहिर बसोबास गर्ने जनसङ्ख्याको सूचनासम्बन्धी निम्न तालिकाले पनि पुष्टि गर्छ :

## तालिका नं.२.६

### लिङ्गअनुसार बाहिर बसोबास गर्ने जनसङ्ख्या

| वडा नं. | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | २२९ | ८४.१९१ | ४३ | १५.८०९ | २७२ | १३.५८ |
| २ | ३१४ | ८१.९८४ | ६९ | १८.०१६ | ३८३ | १९.१२ |
| ३ | २३८ | ८३.५१ | ४७ | १६.४९ | २८५ | १४.२३ |
| ४ | २२७ | ७८.२८ | ६३ | २१.७२ | २९० | १४.४८ |
| ५ | २०७ | ८४.१५ | ३९ | १५.८५४ | २४६ | १२.२८ |
| ६ | १९४ | ७७.९१२ | ५५ | २२.०८८ | २४९ | १२.४३ |
| ७ | १८९ | ६७.९८६ | ८९ | ३२.०१४ | २७८ | १३.८८ |
| जम्मा | १५९८ | ७९.७८ | ४०५ | २०.२२ | २००३ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

तलको तालिकामा सन् २०१८ को सर्वेक्षणका क्रममा पाइएको ६ महिनाभन्दा बढी समय बाहिर बसोबास गर्नेहरूको सङ्ख्यालाई प्रवासमा रहेको स्थानका आधारमा प्रस्तुत गरिएको छः

## तालिका नं. २.७

### बाहिर बसोबास गर्ने स्थान अनुसार जनसङ्ख्या

| वडा नं. | जिल्ला भित्र | | जिल्ला बाहिर | | भारत | | खाडी मुलुक | | अन्य मुलुक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १९ | ७.२५१९ | ५६ | २१.३७४ | ११४ | ४३.५११ | ७० | २६.७१८ | ३ | १.१४५ | २६२ | १३.०८ |
| २ | १२ | ४.२७०५ | ६५ | २३.१३२ | १४३ | ५०.८९ | ५९ | २०.९९६ | २ | ०.७१२ | २८१ | १४.०३ |
| ३ | १८ | ६.३१६ | ५८ | २०.३५ | १२७ | ४४.५६१ | ८१ | २८.४२ | १ | ०.३५१ | २८५ | १४.२३ |
| ४ | १५ | ५.१७२ | ७१ | २४.४८ | १३८ | ४७.५८६ | ६४ | २२.०७ | २ | ०.६९ | २९० | १४.४८ |
| ५ | १७ | ६.९११ | ४५ | १८.२९३ | १२१ | ४९.१८७ | ६१ | २४.७९७ | २ | ०.८१३ | २४६ | १२.२८ |
| ६ | १७ | ७.११३ | ४२ | १७.५७३ | ११९ | ४९.७९१ | ५७ | २३.८४९ | ४ | १.६७४ | २३९ | ११.९३ |
| ७ | ११ | २.७५ | ७९ | १९.७५ | २१३ | ५३.२५ | ९५ | २३.७५ | २ | ०.५ | ४०० | १९.९७ |
| जम्मा | १०९ | ५.४४१८ | ४१६ | २०.७६९ | ९७५ | ४८.६७७ | ४८७ | २४.३१४ | १४ | ०.६९९ | २००३ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

प्रस्तुत तालिका अनुसार यहाँका बाहिर बसोबास गर्नेहरूमध्ये धेरै (४८.६७७ प्रतिशत) व्यक्ति भारतमा रहेको देखिन्छ ।

## छुटेको जनसङ्ख्या

सन् २०११ को जनगणना अनुसार जनगणना लिने समयमा छुटेका घरपरिवारको प्रतिशत ११.७१ रहेको छ भने यस पटकको सर्वे डाटाअनुसार पनि लगभग सोही अनुसार अर्थात् (६.७० प्रतिशत) देखिन्छ । यस्तै परिवार सङ्ख्यामा पहिले पुरुष (४.५० प्रतिशत) र महिला (१२.२८ प्रतिशत) छुटेको देखिन्छ भने हाल पुरुष (८.२९प्रतिशत) र महिला (१.३२प्रतिशत) छुटेको देखिन्छ । विस्तृत विवरण निम्नानुसार छ-

**तालिका नं. २.८**

**जनगणनामा छुटेकोजनसङ्ख्या**

| सङ्केत | उप सङ्केत | जनगणना २०११ | सर्भे डाटा २०१७ |
|---|---|---|---|
| | | जनसङ्ख्या | जनसङ्ख्या |
| गणनामा छुटेका जम्मा घरधुरी | | ४०२ (११.७१%) | २३२(६.७०%) |
| गणनामा छुटेका जनसङ्ख्या | जम्मा | ५६१(१६.२१%) | ३३३(९.६३ %) |
| | पुरुष | १५६(४.५०%) | २८७(८.२९%) |
| | महिला | ४०५(१२.२८%) | ४६(१.३२%) |
| जम्मा घरधुरी सङ्ख्या | | | ५८०६ |

## २.५ जमिनको प्रकृति, वितरण र उर्वराशक्ति

कुमाखगाउँपालिकाको कूल क्षेत्रफल १७७.२७ वर्ग किलोमिटर मध्ये १०० वर्ग किलोमिटर वनजङ्गलले ढाकेको छ भने बस्ती वा आवादीले ४.३३५ वर्ग किलोमिटर चर्चेको छ । यहाँ खेतीयोग्य जमिन ७२.९३५ वर्ग किलोमिटर रहेको छ ।

यस गाउँपालिकाको कूल खेतीयोग्य जमिन ७२.९३५ वर्ग किलोमिटरको १० प्रतिशत जमिनमा मात्र सिँचाइ उपलब्ध छ भने बाँकी ९० प्रतिशत जग्गामा वर्षात्को सिचाईंमा भर पर्नु पर्दछ । यहाँका खेतहरू नदी किनारमा रहेका र हावापानीको उचित प्रवाहले गर्दा खेती उब्जनी सन्तोषजनक हुने गरेको छ । गाउँपालिका बन्नुसँगै अन्यत्र जस्तै यहाँ पनि बस्ती विस्तारको क्रम एकदमै बढेर

गएकाले खेतीयोग्य जमिन क्रमशः मासिँदै गएको देखिन्छ।

गाउँपालिकाका नदी किनारका जमिनहरूमा बाढीको समस्या रहेको छ । गाउँपालिकाको कूल जमिनको किसिम र कित्ता सङ्ख्यासम्बन्धी नमुना तालिका तल दिइएको छ। उक्त तथ्याङ्क पार्श्वचित्र तयार गर्दासम्म प्राप्त गर्न नसकेकाले भविष्यमा यो तालिका पुरा हुने आशा छ :

## २.६ बालीनाली, फलफूल र कृषि विशेषता

यस गाउँपालिकाभित्र उत्पादन हुने खाद्यान्न बालीमा धान, गहुँ, मकै, तोरी, चना, मसुरो आदि छन् भने फलफूलहरूमा केरा, आँप, मेवा, लिच्ची, अम्बा र नासपाती आदि प्रमुख छन् । यस सम्बन्धी विस्तृत विवरण निम्नानुसार छ :

## बालीनाली, फलफूल र कृषि बिशेषता

यस गाउँपालिकाभित्र उत्पादन हुने खाद्यान्न बालीमा धान, गहुँ, मकै, तोरी, चना, मसुरो आदि छन् भने फलफूलहरूमा केरा, आँप, मेवा, लिच्ची, अम्बा र नासपाती आदि प्रमुख छन् । यस सम्बन्धी बिस्तृत विवरण निम्नानुसार छ :

**तालिका नं.२.१०**

**प्रमुख बालीनाली र फलफूल**

| बालीका किसिमहरू | बालीहरू |
|---|---|
| अन्नबाली | धान, गहुँ, मकै आदि । |
| नगदेबाली | तोरी, केराउ, उखु, चना, मास, मसुरो, खुर्सानी, बेसार |
| फलफूल | आँप, अम्बा, मेवा, केरा, नासपाती, खमानी, कागती, स्याउ आरू आदि । |
| तरकारी | लौका, करेला, आलु, मुला, रायो, काउली, सागपात, भिण्डी, भान्टा, बोडी, फर्सी, टमाटर, खुर्सानी, बन्दा, काँक्रो, चिचिण्डो, सिमी, लसुन, प्याज आदि । |



व्यवसायिक टमाटर खेती



ब्याबसाहीक काउली खेती



व्यवसायिक अनार खेती

## २.७ जलवायु

जलवायुका दृष्टिले कुमाख गाउँपालिकाको को विविधता उल्लेखनीय छ । कुमाख गाउँपालिकाको पहाडी प्रदेशको जलवायुदेखि विस्तारै उत्तरी भागको मध्यम पहाडी जलवायुसम्म फैलिएको छ ।

## २.८ पर्यावरणीय स्वरूप

यस गाउँपालिकामा कुमाख नदिर अन्य प्रमुख खोला र भूमिगत एवम् सतह पानी जलभण्डारकारूपमा रहेका छन् ।

## २.९ नदी र तालहरू

कुमाखगाउँपालिकामा अवस्थितकुमाखखोला यस गाउँपालिकाको मुख्य आकर्षणको केन्द्र हो । यो सल्यान जिल्लाकोकुमाख फेंदीबाट सुरु भएर झण्डै १३ वटा साना ठूला खोला विस्तारित छ । यो नदि शुद्ध र प्राकृतिक पानीको अनुपम भण्डार हो । यस नदि को वरिपरि ४५० थरिका वनस्पतिहरू पाइएका छन् । यहाँ १० थरिका माछाका प्रजातिहरू, ४८ प्रजातिका घुमन्ते चरा, ५ प्रजातिका पुतली, साथै २ प्रजातिका घस्रने जन्तुहरू यहाँ पाइएका छन् । लोपोन्मुख अवस्थामा पुगेका र औषधीका रूपमा प्रयोग हुने सतिसाल, साज र खयरको घना जङ्गल पनि यहाँको विशेषता हो

**चुनौतीहरू :**

१. जङ्गल र सिमसार क्षेत्रको स्रोत साधनमा स्थानीय समुदायको बढ्दो निर्भरता र हस्तक्षेप ।

२. छाडा छाडिने घरेलु जनावरबाट वृक्ष वनस्पतिको विनाश ।

३. चोरीका कारण संरक्षित वृक्ष वनस्पतिको विनाश ।

४. विकास निर्माणसम्बन्धी गतिविधि र अव्यवस्थित बस्तीहरूको विकास ।

## २.११ प्रमुख चाडपर्वहरू

यस गाउँपालिकाका मानिसहरू करिब दुई दर्जन चाडपर्वहरू मनाउँछन् । तीमध्ये नयाँ वर्ष, बुद्ध जयन्ती, तीज, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, न्वागी, दशैं, तिहार, माघी (माघे सक्रान्ति), होली, शिवरात्री आदि पर्दछन् । उल्लेखित चाडपर्वको छोटो परिचय यस प्रकार छ :

**नयाँ वर्ष :**

नेपाली नयाँ वर्ष शुरु हुने यो पर्व वैशाख महिनामा पर्छ । यस दिनको धार्मिक महत्त्व नभए पनि सांस्कृतिक र मनोरञ्जनात्मक महत्त्व रहेको छ ।

**बुद्ध जयन्ती :**

यो भगवान् बुद्धको जन्म दिन हो । बुद्ध जयन्ती सामान्यतया जेठ महिनामा पर्छ । यो बुद्ध धर्मावलम्बीहरूको निकै ठूलो चाड हो । यस दिन बुद्ध बिहारहरूमा श्रद्धालुहरूको घुइँचो लाग्छ ।

**रक्षा बन्धन :**

संस्कृत भाषामा रक्षा बन्धनको अर्थ रक्षाका लागि बाँधिएको धागो भन्ने हो । यो हिन्दू समुदायको महत्त्वपूर्ण पर्व हो । यो पर्व पनि सामान्यतया साउन भदौतिरै पर्छ ।

**कृष्ण जन्माष्टमी :**

यो पर्व भगवान् श्रीकृष्णको जन्म दिनसँग सम्बन्धित छ । थारू समुदायमा समेत कृष्ण जन्माष्टमी बिशेष उल्लासका साथ मनाइन्छ ।

**तीज :**

तीजलाई नारी समुदायको पर्वका रूपमा लिने गरिएको छ। तीजको अघिल्लो राति दर खाएर तीजको दिन महिलाहरू भगवान् शिव पार्वतीको पूजा गरी व्रत बस्ने गर्छन्। यो पर्व सामान्यतया साउन महिनामा पर्छ।

## दशैं :

असोज कार्तिकतिर नेपाली हिन्दू समुदायको महत्त्वपूर्ण पर्व दशैं पर्छ। आश्विन शुक्ल प्रतिपदादेखि शुरु हुने यो पर्व नौ दिनसम्म देवी भवानीको पूजाआजा गरेर अनि दशौं दिनदेखि पन्ध्रौं दिनसम्म मान्यजनका हातबाट टीका लगाएर मनाइन्छ। यस पर्वलाई बडादशैं पनि भनिन्छ।

## तिहार :

तिहार पर्व सामान्यतया कार्तिक महिनामा पर्छ। यसलाई उज्यालोको पर्व पनि भनिन्छ। पाँच दिनसम्म मनाइने यस पर्वमा कौवा तिहार, कुकुर तिहार, गोरु तिहार, गाई तिहार, लक्ष्मी पूजा र भाइटीका पर्दछन्।



## न्वागी :

न्वागी को नयाँ अन्न भित्र्याउने पर्वका रूपमा सबै समुदायमा प्रसिद्ध छ।

## माघे सक्रान्ति :

माघ महिना प्रारम्भ हुने दिन अर्थात् सक्रान्तिमा पर्ने यो पर्व सबै जातिको बिशेष पर्व मानिन्छ। यसलाई थारू समुदायले नयाँ वर्षका रूपमा समेत मनाउँछन्। यसलाई वर्षभरिकै जाडो दिन मानिन्छ। थारू समुदायले यस दिन बिहानै नुहाइधुवाइ गर्ने, मिठोमिठो खाने, नाचगान रमाइलो गर्ने अनि आफ्नो बडघर समेत चुन्ने गर्छन्। यो पर्व झण्डै एक हप्तासम्म मनाइन्छ।

## शिवरात्रि :

शिवरात्रिको अर्थ शिवजीसँग सम्बन्धित रात हो । यो पर्व सामान्यतया फागुन महिनामा पर्छ । यस दिन स्थानीय शिवमन्दिरहरूमा व्रतालुहरूको घुइँचो लाग्ने गर्छ ।



## फागु /होली :

रङ्गको पर्वका रूपमा परिचित फागुन महिनामा पर्ने यस नाचगान गर्ने र रङ्ग छ्यापाछ्याप गर्ने चलन छ ।



## २.१२ धर्म, जनजाति तथा भाषागत विवरण

### २.१२.१ धर्म

यस गाउँपालिकामा हिन्दूहरूको जनसङ्ख्या अत्यधिक (९३. प्रतिशत) रहेको कुरा सर्वेक्षण २०१७ बाट देखिन आएको छ ।

तालिका नं.२.१३

**धर्म अनुसार जनसङ्ख्या**

| वार्ड नं. | हिन्दू | | क्रिश्चियन | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ७०४ | ९३.३६९ | ५० | ६.६३१३ | | | ७५४ | १२.९९ |
| २ | ६९० | ९८.०११ | १४ | १.९८८६ | | | ७०४ | १२.१३ |
| ३ | ९०० | ९०.४५ | ९५ | ९.५४८ | | | ९९५ | १७.१४ |
| ४ | ७०० | ९४.२१ | ४३ | ५.७८७ | | | ७४३ | १२.८ |
| ५ | ८०० | ९२.९२ | ६१ | ७.०८४८ | | | ८६१ | १४.८३ |
| ६ | ९०० | ९२.९७५ | ६८ | ७.०२४८ | | | ९६८ | १६.६७ |
| ७ | ७११ | ९१.०३७ | ७० | ८.९६२९ | | | ७८१ | १३.४५ |
| जम्मा | ५४०५ | ९३.०९३ | ४०१ | ६.९०६६ | | | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

### २.१२.२ जातीय समूह

सन् २०११ को जनगणनाअनुसार यसगाउँपालिकामा सबभन्दा बढी (८४.५ प्रतिशत) खसमूलका बाहुन/क्षेत्रीको सङ्ख्या र त्यसपछि जनजातिको सङ्ख्या (३.३ प्रतिशत) रहेको थियो । त्यसैगरी दलितको सङ्ख्या १२.१ प्रतिशत र अन्य जातीय समूहको उपस्थिति ०.४प्रतिशत देखिएको थियो ।

तल सन् २०११ र २०१७ को सर्वेक्षणका आधारमा यस गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातीय समूहहरूको विवरण उल्लेख गरिएको छ

## तालिका नं.२.१४
## जातीयता अनुसार जनसङ्ख्या

| जात जातिहरू | जनगणना, २०११ | | | | सर्वेक्षण २०१७ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत | पुरुष | महिला | जम्मा | प्रतिशत |
| सबै जातिहरू | | | | | १६३७८ | १६९९६ | ३३३४७ | १०० |
| ब्राह्मण/क्षेत्री | | | | | १२०८३ | १३०६२ | २५१४५ | ७५.४०४०८४ |
| अन्य जनजाति | | | | | ४००३ | ५८६ | ४५८९ | १३.७६१३५८ |
| दलित | | | | | १३३१ | १४९५ | २८२६ | ८.४७४५२५४ |
| अन्य जातिहरू | | | | | ३४५ | ४४२ | ७८७ | २.३६००३२४ |

(स्रोत : सर्भे डाटा २०१७)

सन् २०१७ को सर्वेक्षणमा पनि यस गाउँपालिकामा सबैभन्दा बढी (७५.५प्रतिशत) जनसङ्ख्या आर्य खस मूलका बाहुन क्षेत्रीको, त्यसपछि  (८.९ प्रतिशत) दलित समूहको र त्यसपछि (१३.६ प्रतिशत) अन्य जनजाति समूहको र अन्य जातिहरूचाहिँ निकै कम (३ प्रतिशत) रहेको देखिन्छ ।

### २.१२.३ मातृभाषा

सन् २०११ को जनगणनाअनुसार यस गाउँपालिकामा सबभन्दा बढी (१०० प्रतिशत) नेपाली भाषा बोल्नेको सङ्ख्या रहेको थियो ।

सन् २०१७ को आधारभूत सर्वेक्षणका आधारमा गाउँपालिकाका फरक फरक मातृभाषा हुनेहरूको सङ्ख्या र प्रतिशत तलको तालिकामा दिइएको छ :

## तालिका नं.२.१५
## मातृभाषा अनुसार जनसङ्ख्या

| वार्ड नं. | नेपाली | | | | | | | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ७५४ | १०० | | | | | | | | | ७५४ | १०० |
| २ | ७०४ | १०० | | | | | | | | | ७०४ | १०० |
| ३ | ९९५ | १०० | | | | | | | | | ९९५ | १०० |
| ४ | ७४३ | १०० | | | | | | | | | ७४३ | १०० |
| ५ | ८६१ | १०० | | | | | | | | | ८६१ | १०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ९६८ | १०० | | | | | | | | | ९६८ | १०० |
| ७ | ७८१ | १०० | | | | | | | | | ७८१ | १०० |
| जम्मा | ५८०६ | १०० | | | | | | | | | ५८०६ | १०० |

(**नोटः** अन्य भाषाः हिन्दी, (स्रोत : सर्भे डाटा २०१७)

सन् २०११ को जनगणना र सन् २०१७ को सर्वेक्षणलाई तुलना गर्दा नेपाली  भाषीको सङ्ख्या नै देखिन्छ ।

## २.१३ भू-उपयोग

### २.१३.१ शहरीकरण तथा बस्ती विकासको स्वरूप

कुमाख गाउँपालिकाको गाउँपालिकाभित्र पर्ने कूल  जमिनलाई भू-उपयोगका आधारमा तलको तालिकामा देखाइएको छ :

तालिका नं.२.१६

**भू-उपयोग (वर्ग किलो मिटर)**

| वडा नं. | खेतीयोग्य जमिन वा कृषि क्षेत्र | वनजङ्गल तथा झाडी क्षेत्र | बस्ती वा आवास क्षेत्र | जम्मा |
|---|---|---|---|---|
| १. | ९.३२ | १४.१०३ | ८ | ३१.४२३ |
| २. | ८.९३ | ११.६०७ | ०.२८४ | २०.८२१ |
| ३. | १२.२७ | १४.३१२ | ०.२२२ | २६.८०४ |
| ४. | १५.६४ | १०.२८ | ०.५७६ | २६.४९६ |
| ५. | १५.१ | १७.६०७ | ०.२२ | ३२.९२७ |
| ६. | १७.७६ | २१.२३८ | ०.३८६ | ३९.३८४ |
| जम्मा | ७९.०२ | ८९.१४७ | ९.६८८ | १७७.८६ |

(स्रोत : सर्भे डाटा २०१७)

सरकारी जग्गाको उपयोग विद्यालय, खेल मैदान, सरकारी संस्थाहरु जस्तै कृषि, स्वास्थ्य, बन आदि, गौचरन तथा खुला चौरका रूपमा प्रयोग गरिएको र केही ठाउँमा सरकारी कार्यालय भवन र विद्यालय भवनसमेत बनाइएको देखिन्छ ।

### २.१३.२ शहरी क्षेत्रको भूउपयोग

कुमाख गाउँपालिकामा शहरीकरणले विस्तारै गति लिँदै गएको छ । वि.सं.२०७३ तिर राप्ती राजमार्गको निर्माण भएपछि ग्रामीण तथा शहरी क्षेत्रमा बस्ती विकासको गतिले तीव्रता लिएको हो र कुमाख गाउँपालिकामा पनि यसै समयदेखि बस्ती विकासको क्रम बढेर गएको हो । राजमार्गको निर्माण, पूर्वाधारहरूको विकास र शहरीकरणले गर्दा पहाडबाट तराईतर्फ बसाइँ सर्ने प्रक्रिया निकै तीव्र भयो । विगतमा पहाडमा दुःख पाई गरिबीको कारणले तराईतर्फ बसाइँ सरिने (Push Factor)गरेकोमा हालका वर्षहरूमा शहरी आकर्षण, अवसरको खोजी, सुविधाको लालसा र समृद्धिको खोजीमा बसाइँ सर्ने प्रवृत्ति (Pull Factor)बढेको देखिन्छ । तर अझै पनिकुमाखकोअधिकांश जमिन कृषि प्रयोजनकै लागि प्रयोग भएको देखिएको हुनाले आधुनिक शहरीकरण अझै भै नसकेको स्पष्ट हुन्छ ।

## २.१४ भौतिक पूर्वाधारहरू

### २.१४.१ सडक

यस गाउँपालिकाभित्र कालोपत्रे, र ग्राभेल सडक अझै भै नसकेको स्पष्ट हुन्छ। धुलौटे सडकनै जम्मा ४१५किलो मिटर.सडक रहेको छ । वडागत रूपमा सडकका किसिमसम्बन्धी विवरण तल दिइएको छ

तालिका नं.२.१८

**सडकका किसिम सम्बन्धी विवरण**

| वडा नं | सडकका किसिम | | | जम्मा |
|---|---|---|---|---|
| | धुलौटे | ग्राभेल | कालोपत्रे | |
| १. | ५४.६९ | | | ५४.६९ |
| २. | ६२.२२३ | | | ६२.२२३ |
| ३. | ६१.८३ | | | ६१.८३ |
| ४. | ९४.०४ | | | ९४.०४ |
| ५. | ८०.८५ | | | ८०.८५ |
| ६. | ६१.४ | | | ६१.४ |
| ७. | ५०.५ | | | ५०.५ |
| जम्मा | ४६५ | | | ४६५ |

स्रोत : सर्भे डाटा २०१७)

### २.१४.२ खानेपानी

अन्यत्रजस्तै यस गाउँपालिकामा पनि खानेपानीको आपूर्तिका लागि सामान्यतया तल उल्लिखित तिन विधि अपनाइएको देखिन्छ । यी तरिकाको उपयोग बस्तीको आकार तथा पानीको स्रोतको दूरीले समेत तय गर्दछ । उक्त विधिहरू निम्नानुसार छन् :

१. तरिका एक (Level 1) : यसअन्तर्गत खानेपानी योजनाको पाइप प्रयोग गाउँ स्रोतबाट स्थानीय बासिन्दाले पानी सङ्कलन गरी लैजाने गर्दछन् । यसअन्तर्गत मूल, कुवा, इनार, स्रोतमै रहेको कलधारा, प्रयोग हुन्छ ।

(स्रोत : सर्भे डाटा २०१८)

# ४.५ स्वास्थ्य

## ४.५.१ वडा अनुसार स्वास्थ्य संस्था

क’माख गाउँपालिकाका बासिन्दाहरूको स्वास्थ्य स्थिति एवम् यहाँ उपलब्ध सेवा लिनलाई वडाका बासिन्दाहरू बिरामी हुँदा सबभन्दा पहिले जचाउन जाने ठाउँको विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१६**

**वडा अनुसार बिरामी भएमा सर्वप्रथम उपचार गर्न जाने स्थान**

| वार्ड नं | निजी स्वास्थ्य संस्था | | सरकारी स्वास्थ्य संस्था | | औषधी पसल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ११० | २९.८९१ | २४ | ६.५२१७ | २३४ | ६३.५८७ | ३६८ | १३.९८ |
| २ | ३० | १०.९४९ | १८ | ६.५६९३ | २२६ | ८२.४८२ | २७४ | १०.४१ |
| ३ | ४९ | १२.७६ | १२३ | ३२.०३ | २१२ | ५५.२०८ | ३८४ | १४.५९ |
| ४ | ५७ | १०.९४ | १४३ | २७.४५ | ३२१ | ६१.६१२ | ५२१ | १९.७९ |
| ५ | ४२ | ८.८०५ | ११२ | २३.४८ | ३२३ | ६७.७१५ | ४७७ | १८.१२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ७२ | १७.५१८ | १७ | ४.१३६३ | ३२२ | ७८.३४५ | ४११ | १५.६२ |
| ७ | ६६ | ३३.५०३ | १९ | ९.६४४७ | ११२ | ५६.८५३ | १९७ | ७.४८५ |
| जम्मा | ४२६ | १६.१८५ | ४५६ | १७.३२५ | १७५० | ६६.४८९ | २६३२ | १०० |

(स्रोत : सर्भे डाटा २०१८ )

उपर्युक्त तालिका हेर्दा क’माख  गाउँपालिकाका अधिकांश बासिन्दाहरू (६६.४८९ प्रतिशत) बिरामी हुँदा सबैभन्दा पहिले औषधी पसलमा जचाउन जाने गरेको देखिन्छ । यहाँ सरकारी स्वास्थ्य संस्थामा जचाउन जानेहरूको प्रतिशत निकै कम (१७.३२५ प्रतिशत) छ ।  यसबाट क’माख गाउँपालिकाको अझै पनि स्वास्थ्य सेवा अपर्याप्त रहेको स्पष्ट हुन्छ ।

### ४.५.२ वडा अनुसार स्वास्थ्य संस्था प्रयोग

तल क’माख  गाउँपालिकाका वडाहरूका आधारमा स्वास्थ्य संस्थामा जाँच गराउन जाने प्रवृत्तिका बारेमा जानकारी दिइएको छ :

**तालिका नं. ४.१७**

**वडा अनुसार स्वास्थ्य संस्थामा जाँच गराउने स्थिति**

| वार्ड नं. | जाने गरेको | | जाने गाउँपाकिाको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १०९ | ७३.६४९ | ३९ | २६.३५१ | १४८ | १३.३५ |
| २ | १५९ | ९६.९५१ | ५ | ३.०४८८ | १६४ | १४.७९ |
| ३ | १२७ | ८५.२३ | २२ | १४.७७ | १४९ | १३.४४ |
| ४ | १२४ | ७८.९८ | ३३ | २१.०२ | १५७ | १४.१६ |
| ५ | १४३ | ९९.३१ | १ | ०.६९४४ | १४४ | १२.९८ |
| ६ | १५५ | ८५.६३५ | २६ | १४.३६५ | १८१ | १६.३२ |
| ७ | १४९ | ८९.७५९ | १७ | १०.२४१ | १६६ | १४.९७ |
| जम्मा | ९६६ | ८७.१०६ | १४३ | १२.८९४ | ११०९ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

माथिको तालिकामा कुमाखका बासिन्दाहरूमध्ये कहिल्यै स्वास्थ्य संस्थामा जँचाउन जाने वा नजाने आधारमा वडा वडाको विवरण प्रस्तुत गरिएको छ । उक्त विवरण हेर्दा यहाँका

८७.१०६प्रतिशत घरधुरीका बासिन्दाहरू स्वास्थ्य संस्थामा जँचाउन जाने गरेको देखिन्छ । जँचाउन जानेमध्ये वडा नं ५ र वडा नं. २ को प्रतिशत अधिक छ।

### ४.५.३ वडा अनुसार स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाप्रतिको सन्तुष्टि

तलको तालिकामा स्वास्थ्य संस्थाहरूमा जचाउन जानेहरूले स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाप्रति प्रकट गरेको सन्तुष्टि वा असन्तुष्टिको धारणा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१८**

**वडा अनुसार स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाप्रतिको सन्तुष्टि**

| वार्ड नं. | सन्तुष्ट भएको | | सन्तुष्ट नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १०९ | ३३.८५१ | २१३ | ६६.१४९ | ३२२ | २२.३५ |
| २ | ५४ | २०.०७४ | २१५ | ७९.९२६ | २६९ | १८.६७ |
| ३ | २० | ७४.०७ | ७ | २५.९३ | २७ | १.८७४ |
| ४ | १० | ४१.६७ | १४ | ५८.३३ | २४ | १.६६६ |
| ५ | ४३ | ६७.१९ | २१ | ३२.८१३ | ६४ | ४.४४१ |
| ६ | ५५ | १४.६२८ | ३२१ | ८५.३७२ | ३७६ | २६.०९ |
| ७ | ३८ | १०.५८५ | ३२१ | ८९.४१५ | ३५९ | २४.९१ |
| जम्मा | ३२९ | २२.८३१ | १११२ | ७७.१६९ | १४४१ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

प्रस्तुत तालिकाका को आधारमाक'माख गाउँपालिकाकोगाउँपालिकाका बासिन्दाहरू (२२.८३१ प्रतिशत) स्वास्थ्य संस्थाहरूले प्रदान गरिरहेको सेवाबाट सन्तुष्ट रहेको देखिन्छ भने बाँकी ७७.१६९ प्रतिशत सेवाबाट सन्तुष्ट नभएको देखिन्छ । सबैभन्दा बढी असन्तुष्टि ७ नं. वडामा देखिन्छ, जहाँ ८९.४१५ प्रतिशतले सन्तुष्ट नभएको बताएका छन् ।

### ४.५.४ वडा अनुसार स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय

तलको तालिकामा क'माख गाउँपालिकाका हरेक वडाबाट नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने

मोटामोटी समय प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१९**

## वडाअनुसार स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय

| वार्ड नं. | २० मिनेटसम्म | | २१ देखि ४० मिनेटसम्म | | ४१ देखि ६० मिनेटसम्म | | ६० मिनेटभन्दा बढी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | २१ | ८.३३३३ | ६८ | २६.९८४ | ४३ | १७.०६३ | १२० | ४७.६१९ | २५२ | ११.६९ |
| २ | ३२ | ९.५८०८ | ५३ | १५.८६८ | ९३ | २७.८४४ | १५६ | ४६.७०७ | ३३४ | १५.४९ |
| ३ | १७१ | ४१.८१ | २४ | ५.८६८ | ६७ | १६.३८१ | १४७ | ३५.९४ | ४०९ | १८.९७ |
| ४ | १०० | ३१.२५ | ३८ | ११.८८ | ७४ | २३.१२५ | १०८ | ३३.७५ | ३२० | १४.८४ |
| ५ | ५८ | १८.५९ | ७५ | २४.०३८ | ११९ | ३८.१४१ | ६० | १९.२३१ | ३१२ | १४.४७ |
| ६ | ४६ | १५.७५३ | ६४ | २१.९१८ | ८६ | २९.४५२ | ९६ | ३२.८७७ | २९२ | १३.५४ |
| ७ | १४ | ५.९०७२ | ५४ | २२.७८५ | ९ | ३.७९७५ | १६० | ६७.५११ | २३७ | १०.९९ |
| जम्मा | ४४२ | २०.५०१ | ३७६ | १७.४४ | ४९१ | २२.७७४ | ८४७ | ३९.२८६ | २१५६ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

उपर्युक्त तालिकाका आधारमा हेर्दा वडा नं.३, ४ र ५ का अधिकांश बासिन्दाहरू स्वास्थ्य संस्थाको पहुँचबाट अन्य वडाका बासिन्दाभन्दा नजिक रहेको र वडा नं. ७ का अधिकांश बासिन्दाहरू तुलनात्मक रूपमा स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेको देखिन्छ । समग्रमा यस गाउँपालिकाका झण्डै २२.७७४ प्रतिशत घरधुरीका बासिन्दाहरूलाई अझै पनि आफ्नो घरबाट नजिकको स्वास्थ्य

संस्थासम्म पुग्न ४० मिनेट भन्दा बढी समय लाग्छ।

## १८. ४.५.५ वडा अनुसार नियमित गर्भवती जाँच

तलको तालिकामा वडागत रूपमा गर्भवती हुँदा नियमित जाँच गराउने बासिन्दाहरूको विवरण घरधुरीका आधारमा प्रस्तुत गरिएको छ :

## तालिका नं. ४.२०

### वडा अनुसार नियमित गर्भवती जाँच

| वार्ड नं. | गराउँछु | | गराउँदैन | | गर्भवती महिला नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १३४ | ३६.२१६ | १२ | ३.२४३२ | २२४ | ६०.५४१ | ३७० | ६.२७३ |
| २ | २३२ | २३.८६८ | २१ | २.१६०५ | ७१९ | ७३.९७१ | ९७२ | १६.४८ |
| ३ | ४३३ | ६३.३ | ३२ | ४.६७८ | २१९ | ३२.०१८ | ६८४ | ११.६ |
| ४ | ४३३ | ५६.२३ | १२ | १.५५८ | ३२५ | ४२.२०८ | ७७० | १३.०६ |
| ५ | ४५४ | ४४.०८ | ३२ | ३.१०६८ | ५४४ | ५२.८१६ | १०३० | १७.४६ |
| ६ | ३५४ | ५०.८६२ | ३२ | ४.५९७७ | ३१० | ४४.५४ | ६९६ | ११.८ |
| ७ | २३३ | १६.९३३ | ४३ | ३.१२५ | ११०० | ७९.९४२ | १३७६ | २३.३३ |
| जम्मा | २२७३ | ३८.५३८ | १८४ | ३.११९७ | ३४४१ | ५८.३४२ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

उपर्युक्त तालिकाको बिश्लेषण गर्दा प्रस्तुत सर्वेक्षणका क्रममा गर्भवती रहेका गाउँपालिकाका घरधुरीका बासिन्दामध्ये ३८.५३८ प्रतिशतले मात्र गर्भावस्थाको नियमित जाँच गराउने गरेको पाइयो । मातृशिशु स्वास्थ्यको संवेदनशीलतालाई हेर्दा यो प्रतिशत न्यून नै हो ।यस्तै गर्भवती महिला नभएका घर भने ५८.३४२ प्रतिशत देखिन्छन् ।

### ४.५.६ वडा अनुसार एड्स सम्बन्धी जानकारी

तलको तालिकामा वडागत आधारमा एचआईभी एड्स सम्बन्धी जानकारीको विवरण प्रस्तुत गरिएको छ :

## तालिका नं. ४.२१

### वडा अनुसार एड्स सम्बन्धी पारिवारिक जानकारी

| वार्ड नं. | छ | | छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ४५३ | १०० | | ० | ४५३ | ९.३६७ |
| २ | ७६८ | ९९.७४ | २ | ०.२५९७ | ७७० | १५.९२ |
| ३ | ५८७ | ९८.६६ | ८ | १.३४५ | ५९५ | १२.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ७९९ | ९७.५६ | २० | २.४४२ | ८१९ | १६.९४ |
| ५ | ५६६ | ९५.४५ | २७ | ४.५५३१ | ५९३ | १२.२६ |
| ६ | ४८९ | ९८.५८९ | ७ | १.४११३ | ४९६ | १०.२६ |
| ७ | १११० | १०० | | ० | १११० | २२.९५ |
| जम्मा | ४७७२ | ९८.६७७ | ६४ | १.३२३४ | ४८३६ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

भारत र अन्य मुलुकमा काम गर्न जाने चलायमान जनसङ्ख्या उल्लेख्य रहेको क’माख गाउँपालिकामा एचआईभी एड्स जस्ता सङ्क्रामक रोगहरूका बारेमा मानिसहरूको धारणा र जानकारी थाहा पाउनु महत्त्वपूर्ण कुरा हो । यस सन्दर्भमा यहाँका ९८ प्रतिशत घरधुरीका सदस्यलाई एड्सबारे जानकारी भएको देखिन्छ । यसले एचआईभी एड्स सम्बन्धी सचेतनाको अवस्था यहाँ राम्रो रहेको देखा पर्छ ।

## खण्ड पाँच

# आर्थिक अवस्था

यस खण्डमा कुमाखगाउँपालिकाका बासिन्दाहरूको आर्थिक अवस्थाको अध्ययन गरिएको छ, जसअन्तर्गत बसोबास गरिरहेको घरको अवस्था, पेशा, आम्दानी/आयस्रोत र बचत तथा ऋणसम्बन्धी विवरणहरू प्रस्तुत गरिएका छन् ।

## ५.१ बसोबास गरिरहेको घरको विवरण

तलको तालिकाका आधारमा हेर्दा यस गाउँपालिकाका धेरैजसो व्यक्तिहरू (९९.०५३ प्रतिशत) निजी घरमै बसिरहेका छन् ।सन् २०११ को जनगणनाअनुसार पनि यस गाउँपालिकामा १०० प्रतिशत घरहरू निजी स्वामित्वका रहेको देखिन्छ ।

**तालिका नं.५.१**
**वडाअनुसार हाल बसोबास गरिरहेको घरको स्थिति**

| वार्ड नं. | निजी | | भाडामा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ७५४ | ९८.४३३ | १२ | १.५६६६ | ७६६ | १३.१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ७०४ | ९७.३७२ | १९ | २.६२७९ | ७२३ | १२.४५ |
| ३ | ९४० | ९९.८९ | १ | ०.१०६ | ९४१ | १६.२१ |
| ४ | ७४३ | ९८.८ | ९ | १.१९७ | ७५२ | १२.९५ |
| ५ | ८६१ | ९९.३१ | ६ | ०.६९२ | ८६७ | १४.९३ |
| ६ | ९६८ | ९९.७९४ | २ | ०.२०६२ | ९७० | १६.७१ |
| ७ | ७८१ | ९९.२३८ | ६ | ०.७६२४ | ७८७ | १३.५५ |
| जम्मा | ५७५१ | ९९.०५३ | ५५ | ०.९४७३ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

### ५.१.१ घरको स्वामित्वको अवस्था

तलको तालिकाअनुसार घरको स्वामित्वका बारेमा विश्लेषण गर्दा महिलाको तुलनामा पुरुषको स्वामित्व निकै बढी देखिन्छ । यहाँ पुरुषको स्वामित्व ९९.३११ प्रतिशत छ भने महिलाको जम्मा ०.६८८९ प्रतिशत रहेको छ ।

**तालिका नं.५.२**

**वडाअनुसार घरको स्वामित्व**

| वार्ड नं. | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | २ | ०.२६४६ | ७५४ | ९९.७३५ | ७५६ | १३.०२ |
| २ | ९ | १.२६२३ | ७०४ | ९८.७३८ | ७१३ | १२.२८ |
| ३ | ६ | ०.६२४ | ९५५ | ९९.३८ | ९६१ | १६.५५ |
| ४ | ९ | १.१९७ | ७४३ | ९८.८ | ७५२ | १२.९५ |
| ५ | ६ | ०.६९२ | ८६१ | ९९.३१ | ८६७ | १४.९३ |
| ६ | २ | ०.२०६२ | ९६८ | ९९.७९४ | ९७० | १६.७१ |
| ७ | ६ | ०.७६२४ | ७८१ | ९९.२३८ | ७८७ | १३.५५ |
| जम्मा | ४० | ०.६८८९ | ५७६६ | ९९.३११ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

### ५.१.२ घरको बनावटको अवस्था

तलको तालिकामा वडागत रूपमा बनावटको किसिम (माटोबाट निर्मित, सिमेन्ट जोडाइ, पिलर सिस्टम र काठको पिलर) अनुसार घरधुरीहरूको विवरण प्रस्तुत गरिएको छ :

## तालिका नं.५.३

## वडाअनुसार घरको बनावट

| वडा नं. | माटोको जोडाई | | सिमेन्ट जोडाई | | सिमेन्ट पिलर | | काठको पिलर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ७५४ | ९६.४१९ | २२ | २.८१३३ | ६ | ०.७६७३ | | | ७८२ | १३.४७ |
| २ | ७५५ | ९४.२५७ | ३९ | ४.८६८९ | ७ | ०.८७३९ | | | ८०१ | १३.८ |
| ३ | ६५५ | ९०.९७ | ६३ | ८.७५ | २ | ०.२७७८ | | | ७२० | १२.४ |
| ४ | ७०२ | ९४.१ | ३९ | ५.२२८ | ५ | ०.६७०२ | | | ७४६ | १२.८५ |
| ५ | ८६६ | ९४.१३ | ४६ | ५ | ८ | ०.८६९६ | | | ९२० | १५.८५ |
| ६ | ९६८ | ९५.५५८ | ४३ | ४.२४४८ | २ | ०.१९७४ | | | १०१३ | १७.४५ |
| ७ | ७८१ | ९४.७८२ | ३६ | ४.३६८९ | ७ | ०.८४९५ | | | ८२४ | १४.१९ |
| **जम्मा** | **५४८१** | **९४.४०२** | **२८८** | **४.९६०४** | **३७** | **०.६३७३** | | | **५८०६** | **१००** |

(स्रोत : सर्भे डाटा२०१७)

माथिको तालिकाका आधारमा कुमाख गाउँपालिकामा माटोको जोडाइका घरहरूको प्रतिशत ९०.२ सिमेन्ट जोडाइका घरहरूको प्रतिशत ६.५ सिमेन्ट पिलर भएका घरहरूको प्रतिशत २.३ र  उपर्युक्त विवरण सन् २०११ को जनगणनाको विवरणसँग मिल्दोजुल्दो छ । तुलनाका लागि सन् २०११  को जनगणनामा सो सम्बन्धी विवरण निम्न किसिमको थियो :

## तालिका नं. ५.४

## घरको बनावट

| क.सं. | सहसूचकहरू | जनगणना, २०११ | | सर्भेक्षण, २०१७ | |
|---|---|---|---|---|---|
| | | घरधुरीहरू | प्रतिशत | घरधुरीहरू | प्रतिशत |
| १. | माटोको जोडाइ/कच्ची इँटा | | | ५४८१ | ९४.४०२ |
| २. | सिमेन्टको जोडाइ/सिमेन्ट ब्लक | | | २८८ | ४.९६०४ |
| ३. | पिलर सहितको आरसीसी | | | ३७ | ०.६३७३ |
| ४. | काठको पिलर (धुरीखाँबो) भएका | | | | |
| ५. | अन्य | | | | |
| ६. | नखुलेको | | | | |
| | जम्मा | | | ५८०६ | १००.० |

उपर्युक्त दुई खाले विवरणहरूको तुलनात्मक विश्लेषण गर्दा कुमाखगाउँपालिकामा पिलर सहितका आरसीसी घरहरूको सङ्ख्या क्रमशः बढ्दै गएको देखिन्छ ।

### ५.१.३ घरको छानाको अवस्था

तलको तालिकामा छानाको प्रकारका आधारमा घरधुरीहरूको विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं.५.५**

**वडाअनुसार घरको छाना**

| वडा नं. | खरको | | जस्तापाताको | | सिमेन्ट ढलान | | खपडा वा ढुङ्गा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | २ | ०.२८९४ | १८२ | २६.३३९ | १ | ०.१४४७ | ५०६ | ७३.२२७ | ६९१ | ११.९ |
| २ | ९ | १.८२९३ | १७५ | ३५.५६९ | १ | ०.२०३३ | ३०७ | ६२.३९८ | ४९२ | ८.४७४ |
| ३ | ७ | ०.८६७ | २९२ | ३६.१८३ | ५ | ०.६२ | ५०३ | ६२.३३ | ८०७ | १३.९ |
| ४ | ९ | १.२१ | १९६ | २६.३४४ | ३ | ०.४०३ | ५३६ | ७२.०४ | ७४४ | १२.८१ |
| ५ | ६ | ०.५६४४ | १४१ | १३.२६४ | २ | ०.१८८१ | ९१४ | ८५.९८ | १०६३ | १८.३१ |
| ६ | २ | ०.२२७३ | १९१ | २१.७०५ | ३ | ०.३४०९ | ६८४ | ७७.७२७ | ८८० | १५.१६ |
| ७ | 6 | ०.५३१४ | १९४ | १७.१८३ | ४ | ०.३५४३ | ९२५ | ८१.९३१ | ११२९ | १९.४५ |
| जम्मा | ४१ | ०.७०६२ | १३७१ | २३.६१४ | १९ | ०.३२७२ | ४३७५ | ७५.३५३ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

उपर्युक्त तालिकाको विश्लेषण गर्दा कुमाखगाउँपालिकामा अझै पनि खपडा वा ढुङ्गालेछाएका घरहरूको सङ्ख्या अधिक (७५.३५३ प्रतिशत) रहेको देखिन्छ ।

### ५.१.४ भूकम्पीय जोखिम

**तालिका नं.५.६**

**वडाअनुसार भूकम्पीय जोखिम स्थिति**

| वडा नं. | छैन | | क्म | | उच्च | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | २ | ०.३२२६ | १२ | १.९३५५ | ६०६ | ९७.७४२ | ६२० | १०.६८ |
| २ | ९ | ०.९३६५ | ४५ | ४.६८२६ | ९०७ | ९४.३८१ | ९६१ | १६.५५ |
| ३ | ६ | ०.९३६ | ३२ | ४.९९२२ | ६०३ | ९४.०७ | ६४१ | ११.०४ |
| ४ | ९ | ०.९९९ | ५६ | ६.२१५३ | ८३६ | ९२.७९ | ९०१ | १५.५२ |
| ५ | ६ | ०.६३७६ | २१ | २.२३१७ | ९१४ | ९७.१३ | ९४१ | १६.२१ |
| ६ | २ | ०.२५७४ | ९१ | ११.७१२ | ६८४ | ८८.०३१ | ७७७ | १३.३८ |
| ७ | 6 | ०.६२१८ | ३४ | ३.५२३३ | ९२५ | ९५.८५५ | ९६५ | १६.६२ |
| जम्मा | ४० | ०.६८८९ | २९१ | ५.०१२१ | ५४७५ | ९४.२९९ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

उपर्युक्त तालिकाअनुसार कुमाखगाउँपालिकामा ०.६८८९ प्रतिशत घरहरूमा भूकम्पीय जोखिमको सम्भावना नरहेको,

## ५.२ पेसा

तलका तालिकाहरूमा कुमाखगाउँपालिकाका बासिन्दाहरूले जीवननिर्वाहका लागि अवलम्बन गरेका पेसासम्बन्धी विविध विवरणहरू प्रस्तुत गरिएका छन् । पेसाहरूलाई कृषि तथा पशुपालन, नोकरी, व्यापार व्यवसाय, विद्यार्थी र अन्य (ज्यालादारी, वैदेशिक रोजगारी, धार्मिक पुरोहित्याइँ, परम्परागत पेसा तथा कुनै कार्य नगर्ने) गरी वर्गीकरण गरिएको छ ।

कुमाखगाउँपालिकामा कृषि तथा पशुपालन व्यवसायमा संलग्न र अध्ययन कार्य (विद्यार्थी) मा संलग्नहरूको प्रतिशत अधिक देखिन्छ । गाउँपालिका भए पनि यहाँ नोकरी पेसा र व्यापार व्यवसायमा संलग्नहरूको प्रतिशत न्यून रहेको छ । तलको तालिकाबाट सो कुरा स्पष्ट हुन्छ :

### ५.२.१ लिङ्ग अनुसार पेसा

**तालिका नं. ५.७**

**लिङ्ग अनुसार पेसामा संलग्न जनसङ्ख्या (१० वा सोभन्दा माथि मात्र)**

| वडा नं. | कृषि पशुपालन | | नोकरी | | व्यापार व्यवसाय | | बिद्यार्थी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पुरुष | १०५० | ४४.३ | १८० | ७.६ | ८१ | ३.४ | ९९७ | ४२.० | ६४ | २.७ | २३७२ | ५०.६ |
| महिला | १२७८ | ५५.२ | ८३ | ३.६ | ३८ | १.६ | ८६६ | ३७.४ | ४९ | २.१ | २३१४ | ४९.४ |
| जम्मा | २३२८ | ४९.७ | २६३ | ५.६ | ११९ | २.५ | १८६३ | ३९.८ | ११३ | २.४ | ४६८६ | १०० |

अन्य (ज्यालादारी, वैदेशिक रोजगारी, धार्मिक कार्य, पेसागत कार्य तथा कुनै काम नगर्ने)

(स्रोत : सर्भे डाटा २०१८)

लैङ्गिक आधारमा पेसाको बिश्लेषण गर्दा कुमाख मा पुरुषको तुलनामा धेरै महिलाहरू कृषि तथा पशुपालनमा संलग्न रहेको पाइयो । यहाँ नोकरी पेसामा लागेका महिलाहरू पुरुषको तुलनामा आधाभन्दा पनि थोरै छन् । अन्य पेसामा पनि महिलाको भन्दा पुरुषकै प्रतिशत बढी छ ।

### ५.२.२ वडा अनुसार पेसा

**तालिका नं. ५.८**

**वडा अनुसार बिभिन्न पेसशामा संलग्न जनसङ्ख्या (१० वा सोभन्दा माथि मात्र)**

| वडा नं. | कृषि पशुपालन | | नोकरी | | व्यापार व्यवसाय | | बिद्यार्थी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | २८४ | ४५.४ | १८ | २.८ | ३६ | ५.७ | २७४ | ४३.८ | १३ | २ | ६२५ | २७ |
| २ | १६४ | ५६.७ | १४ | ४.८ | ६ | २ | १०२ | ३५.२ | ३ | १ | २८९ | १२.५ |
| ३ | १३८ | ६३.५ | ३ | १.३ | १ | ०.४ | ७१ | ३२.७ | ४ | १.८ | २१७ | ९.४ |
| ४ | १४६ | ६३.७ | ६ | २.६ | ५ | २.१ | ६९ | ३०.१ | ३ | १.३ | २२९ | ९.९ |
| ५ | ९८ | ४४.५ | २१ | ९.५ | ३ | १.३ | ८८ | ४० | १० | ४.५ | २२० | ९.५ |
| ६ | १९७ | ५३ | २२ | ५.९ | १३ | ३.५ | १३० | ३५ | ९ | २.४ | ३७१ | १६ |
| ७ | १९६ | ५४.९ | १५ | ४.२ | ५ | १.४ | १३६ | ३८ | ५ | १.४ | ३५७ | १५.४ |
| जम्मा | १२२३ | ५२.९ | ९९ | ४.२ | ६९ | २.९ | ८७० | ३७.६ | ४७ | २ | २३०८ | १०० |

अन्य (ज्यालादारी, वैदेशिक रोजगारी, धार्मिक कार्य, पेसागत कार्य तथा कुनै काम नगर्ने) (स्रोत : सर्भे डाटा २०१८)

माथिको तालिकाको आधारमा हेर्दा कुमाख गाउँपालिकामा नोकरी र व्यापार व्यवसायमा संलग्नमध्ये वडा नं.५ र १ का बासिन्दाको सङ्ख्या थोरै बढि देखिन्छ।

## ५.३ आम्दानी/आयस्रोत

तलका तालिकाहरूमा वडागत आधारमा परिवारको आम्दानीको मुख्य स्रोत, वडागत आधारमा परिवारको मासिक आम्दानीको विवरण, वडागत आधारमा परिवारको मासिक बचत विवरण एवम् वडागत आधारमा बचत सन्चय गर्ने स्थानको विवरण प्रस्तुत गरिएको छ-

### ५.३.१ आम्दानीको मुख्य स्रोत

तालिका नं.५.९

वडा अनुसार आम्दानीका मुख्य स्रोतहरू

| वडा नं. | कृषि | | मासिक तलव | | ज्यालादारी | | व्यापार व्यवसाय | | बैदेशिक रोजगार | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ५१ | ७३.९ | ४ | ५.७ | ५ | ७.२ | १ | १.४ | ८ | ११.५ | ६९ | |
| २ | ३० | ५२.६ | ५ | ७.४ | ३ | ५.२ | २ | ३.५ | १७ | २९.८ | ५७ | |
| ३ | ३५ | ५६.४ | २ | ३.२ | ४ | ६.४ | १ | १.६ | २० | ३२.२ | ६२ | |
| ४ | ४३ | ७०.४ | ३ | ४.९ | ६ | ९.८ | २ | ३.२ | ७ | ११.४ | ६१ | |
| ५ | ७५ | ८२.२ | ५ | ५.१ | ५ | ५.१ | ४ | ४ | ९ | ९.१ | ९८ | |
| ६ | ६० | ७३.२ | २ | २४.६ | ६ | ७.४ | १ | २.३ | १२ | १४.८ | ८१ | |
| ७ | ५५ | ७७.४ | ३ | ४.६ | २ | २.८ | १ | १.४ | १० | १४ | ७१ | |
| जम्मा | ३४९ | ६९.९ | २४ | ४.८ | ३१ | ६.२ | १२ | २.४ | ८३ | १६.६ | ४९९ | १०० |

(स्रोत : सर्भे डाटा २०१८)

माथिको तालिकाको बिश्लेषण गर्दा कुमाख गाउँपालिकाका अधिकांश बासिन्दाहरू (६९.९ प्रतिशत) को आम्दानीको मुख्यस्रोत कृषि रहेको देखिन्छ। आम्दानीका अन्य स्रोतहरूमध्ये वैदेशिक रोजगारीबाट हुने आय दोस्रो स्थानमा रहेको र ज्यालादारीबाट हुने आम्दानीको स्रोत तेस्रो स्थानमा रहेको देखिन्छ। व्यापार व्यवसाय र नोकरी हुने आयआर्जनको स्रोत निकै न्यून देखा पर्छ।

## ५.३.२ परिवारको मासिक आम्दानी

*तालिका नं.५.१०*

### वडाअनुसार परिवारको मासिक आम्दानी

| वडा नं. | २०,००० भन्दा कम | | २०,००० देखि ४०,००० सम्म | | ४०,००० देखि ६०,००० सम्म | | ६०,००० भन्दा माथि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ३२१ | ३९.८२६ | २५० | ३१.०१७ | सङ्ख्या | प्रतिशत | ४ | ०.४९६३ | ८०६ | १३.८८ |
| २ | ४६३ | ५१.०४७ | २१४ | २३.५९४ | २३१ | २८.६६ | ७ | ०.७७१८ | ९०७ | १५.६२ |
| ३ | २१२ | ३२.९२ | २९५ | ४५.८१ | २२३ | २४.५८७ | १२ | १.८६३ | ६४४ | ११.०९ |
| ४ | २२० | २६.३२ | २७५ | ३२.८९ | १२५ | १९.४१ | २० | २.३९२ | ८३६ | १४.४ |
| ५ | ३८० | ३९.४१९ | ३६१ | ३७.४४८ | ३२१ | ३८.३९७ | १० | १.०३७ | ९६४ | १६.६ |
| ६ | २९० | ४२.३९८ | २७० | ३९.४७४ | २१३ | २२.०९५ | १२ | १.७५४४ | ६८४ | ११.७८ |
| ७ | ३७१ | ३८.४४६ | २७० | २७.९७९ | ११२ | १६.३७४ | १३ | १.३४७२ | ९६५ | १६.६२ |
| जम्मा | २२५७ | ३८.८७४ | १९३५ | ३३.३२८ | ३११ | ३२.२२८ | ७८ | १.३४३४ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

माथिको तालिकाका आधारमा हेर्दा यस गाउँपालिकामा मासिक बिस हजारभन्दा कम आम्दानी हुने परिवारको सङ्ख्या अधिक (३८.८७४ प्रतिशत) रहेको र मासिक २० देखि ४० हजारसम्म आम्दानी हुने परिवारको सङ्ख्या पनि सन्तोषजनक (३३.३२८ प्रतिशत) रहेको देखिन्छ । सो भन्दा बढी आम्दानी हुने परिवारको सङ्ख्या र प्रतिशत भने न्यून नै छ ।

## ५.३.३ परिवारको मासिक बचत

**तालिका नं.५.११**

**वडाअनुसार परिवारको मासिक बचत**

| वार्ड नं. | रु. १०,००० सम्म | | रु. १०,००० देखि २०,००० सम्म | | रु. २०,००० देखि ४०,००० सम्म | | रु. ४०, ००० देखि माथि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ३२१ | ३९.८२६ | २५० | ३१.०१७ | सङ्ख्या | प्रतिशत | ४ | ०.४९६३ | ८०६ | १३.८८ |
| २ | ४६३ | ५१.०४७ | २१४ | २३.५९४ | २३१ | २८.६६ | ७ | ०.७७१८ | ९०७ | १५.६२ |
| ३ | २१२ | ३२.९२ | २९५ | ४५.८१ | २२३ | २४.५८७ | १२ | १.८६३ | ६४४ | ११.०९ |
| ४ | २२० | २६.३२ | २७५ | ३२.८९ | १२५ | १९.४१ | २० | २.३९२ | ८३६ | १४.४ |
| ५ | ३८० | ३९.४१९ | ३६१ | ३७.४४८ | ३२१ | ३८.३९७ | १० | १.०३७ | ९६४ | १६.६ |
| ६ | २९० | ४२.३९८ | २७० | ३९.४७४ | २१३ | २२.०९५ | १२ | १.७५४४ | ६८४ | ११.७८ |
| ७ | ३७१ | ३८.४४६ | २७० | २७.९७९ | ११२ | १६.३७४ | १३ | १.३४७२ | ९६५ | १६.६२ |
| जम्मा | २२५७ | ३८.८७४ | १९३५ | ३३.३२८ | ३११ | ३२.२२८ | ७८ | १.३४३४ | ५८०६ | १०० |

(स्रोत : सर्वेक्षण २०१७)

माथिको तालिकामा प्रस्तुत गरिएको वडागत आधारमा परिवारको मासिक बचत विवरणलाई हेर्दा यस गाउँपालिकामा कूल ३८.८ प्रतिशतले मासिक दश हजारसम्म बचत गर्ने गरेको र उक्त प्रतिशतमा वडा नं. १, २, र ६ का बासिन्दाहरूको बचत क्षमता अन्यत्र भन्दा राम्रो रहेको देखिन्छ। यस गाउँपालिकामा मासिक दश हजारदेखि २० हजारसम्म बचत गर्ने परिवारको सङ्ख्या ३३.३२ प्रतिशत रहेको छ। सो सङ्ख्यामा वडा नं. १, ५ र ३ का बासिन्दाको अवस्था अगाडि देखियो। कुमाखमा मासिक २० हजार भन्दा बढी बचत गर्नेहरूको सङ्ख्या निकै न्यून छ।

## ५.३.४ परिवारको मासिक बचत सञ्चिति

**तालिका नं. ५.१२**

**वडाअनुसार परिवारको मासिक बचत सञ्चय स्थान**

| वार्ड नं. | बैंक | | घरजग्गामा लगानी | | घरमै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ३५४ | ४२.३९५ | २५० | २९.९४ | २३१ | २७.६६५ | ८३५ | १४.३८ |
| २ | ४७० | ५१.८१९ | २१४ | २३.५९४ | २२३ | २४.५८७ | ९०७ | १५.६२ |
| ३ | २१२ | ३२.५२ | २९५ | ४५.२५ | १४५ | २२.२३९ | ६५२ | ११.२३ |
| ४ | २२० | २६.९६ | २७५ | ३३.७ | ३२१ | ३९.३३८ | ८१६ | १४.०५ |
| ५ | ३८० | ३९.८३ | ३६१ | ३७.८४१ | २१३ | २२.३२७ | ९५४ | १६.४३ |
| ६ | २९० | ४२.६४७ | २७८ | ४०.८८२ | ११२ | १६.४७१ | ६८० | ११.७१ |
| जम्मा | ३७१ | ३८.५६५ | २७० | २८.०६७ | ३२१ | ३३.३६८ | ५८०६ | १६.५७ |

(स्रोत : सर्भे डाटा २०१७)

माथिको तालिकाको विश्लेषण गर्दा यस गाउँपालिकाका अत्यधिक घरपरिवार (३३.३६ प्रतिशत) ले घरमै बचत गर्ने गरेको देखिन्छ। आर्थिक क्रियाशीलताका दृष्टिले यो प्रवृत्तिलाई परम्परागत शैली नै मान्न सकिन्छ । यहाँ बैंकमा बचत गर्नेहरूको सङ्ख्या ३८.२ प्रतिशत रहेको देखिनाले आर्थिक गतिविधिमा अझै पनि यो गाउँपालिकाको अवस्था पिछडिएको प्रमाणित हुन्छ ।

## ५.३.५ आर्थिक हैसियत

**तालिका नं. ५.१३**

**वडाअनुसार घरपरिवारको आर्थिक हैसियत**

| वार्ड नं. | धेरै गरीब | | गरीब | | निम्न मध्यम वर्ग | | मध्यम वर्ग | | धनी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ४ | ०.४९६३ | २५० | ३१.०१७ | २३१ | २८.६६ | ३२१ | ३९.८२६ | | | ८०६ | १३.८८ |
| २ | ७ | ०.७७१८ | २१४ | २३.५९४ | २२३ | २४.५८७ | ४६३ | ५१.०४७ | | | ९०७ | १५.६२ |
| ३ | १२ | १.८६३ | २९५ | ४५.८१ | १२५ | १९.४१ | २१२ | ३२.९२ | | | ६४४ | ११.०९ |
| ४ | २० | २.३९२ | २७५ | ३२.८९ | ३२१ | ३८.३९७ | २२० | २६.३२ | | | ८३६ | १४.४ |
| ५ | १० | १.०३७ | ३६१ | ३७.४४८ | २१३ | २२.०९५ | ३८० | ३९.४१९ | | | ९६४ | १६.६ |
| ६ | १२ | १.७५४४ | २७० | ३९.४७४ | ११२ | १६.३७४ | २९० | ४२.३९८ | | | ६८४ | ११.७८ |
| ७ | १३ | १.३४७२ | २७० | २७.९७९ | ३११ | ३२.२२८ | ३७१ | ३८.४४६ | | | ९६५ | १६.६२ |
| जम्मा | ७८ | १.३४३४ | १९३५ | ३३.३२८ | १५३६ | २६.४५५ | २२५७ | ३८.८७४ | | | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा २०१७)

माथिको तालिकाको विश्लेषण गर्दा कुमाख गाउँपालिकाकोगाउँपालिका आर्थिक वर्गका दृष्टिले समग्र गाउँपालिकाको अवस्थाको विवेचना गर्दा यहाँ निम्न मध्यमवर्गको सङ्ख्या अधिक (३८.८७४ प्रतिशत) रहेको र गरिबहरूको सङ्ख्या पनि उल्लेख्य (३३.३२४ प्रतिशत) रहेको देखा पर्छ ।

## ५.३.६ पारिवारिक ऋणको अवस्था

तलको तालिकामा यस गाउँपालिकाका परिवारहरूले ऋण लिएको र दिएको कुरालाई हेर्दा विभिन्न प्रयोजनका लागि ऋण लिएको प्रतिशत बढी देखिन्छ ।

## तालिका नं. ५.१४
## वडाअनुसार घरपरिवारको ऋण

| वार्ड नं. | लिएको छ | | दिएको छ | | कुनै छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ३५४ | ४२.३९५ | २५० | २९.९४ | २३१ | २७.६६५ | ८३५ | १४.३८ |
| २ | ४७० | ५१.८१९ | २१४ | २३.५९४ | २२३ | २४.५८७ | ९०७ | १५.६२ |
| ३ | २१२ | ३२.५२ | २९५ | ४५.२५ | १४५ | २२.२३९ | ६५२ | ११.२३ |
| ४ | २२० | २६.९६ | २७५ | ३३.७ | ३२१ | ३९.३३८ | ८१६ | १४.०५ |
| ५ | ३८० | ३९.८३ | ३६१ | ३७.८४१ | २१३ | २२.३२७ | ९५४ | १६.४३ |
| ६ | २९० | ४२.६४७ | २७८ | ४०.८८२ | ११२ | १६.४७१ | ६८० | ११.७१ |
| ७ | ३७१ | ३८.५६५ | २७० | २८.०६७ | ३२१ | ३३.३६८ | ९६२ | १६.५७ |
| जम्मा | २२९७ | ३९.५६३ | १९४३ | ३३.४६५ | १५६६ | २६.९७२ | ५८०६ | १०० |

(स्रोत : सर्भे डाटा२०१७)

# खण्ड छ

# उपसंहार, समस्या र सुझावहरू

## ६.१ उपसंहार

सल्यान जिल्लाको मध्यमभागमा पर्ने कुमाखगाउँपालिका भर्खरै स्थापना भएको नयाँ गाउँपालिका हो । यो गाउापालिका विस्तारै नगर सभ्यतातिर उन्मुख हुँदैछ । यो अर्ध शहरी क्षेत्र हो। यस गाउँको योजनाबद्ध विकासका लागि गाउँपालिकाबाट केही प्रयासहरू अगाडि बढाइएका छन् । त्यसैको पृष्ठभूमिका रूपमा आवश्यक तथ्याङ्क र सूचनाहरू तयार पार्ने उद्देश्यले यो पार्श्वचित्र निर्माण गरिएको हो ।

यस पार्श्वचित्रमा जम्मा ६ वटा खण्डहरू रहेका छन् । यसको पहिलो खण्डमा पार्श्वचित्र निर्माण गर्न अपनाइएको विधि र प्रक्रियाको बयान गरिएको छ । यसअन्तर्गत पार्श्वचित्र निर्माणका उद्देश्य, तथ्याङ्कको श्रोत, क्लस्टर विभाजन, प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कको गुणस्तर नियन्त्रण र सीमा तथा चुनौतीहरू आदि उपशीर्षकमा विस्तृत चर्चा गरिएको छ ।

पार्श्वचित्रको दोस्रो खण्डमा कुमाखगाउापालिकाको सङ्क्षिप्त चिनारी दिइएको छ । यसअन्तर्गत नामकरण; भौगोलिक परिचय; राजनैतिक तथा प्रशासनिक विभाजन; घरधुरी र जनसङ्ख्या;जमिनको प्रकृति, वितरण र उर्वराशक्ति; बालीनाली र फलफूल; जलवायु; पर्यावरणीय स्वरूप; नदी र तालहरू; महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू; प्रमुख चाडपर्वहरू; धर्म, जनजाति तथा भाषागत विवरण; भू-उपयोग; भौतिकपूर्वाधारहरू र गाउँपालिकाभित्रका अन्य विवरण आदि उपशीर्षकमा गाउँपालिका स्तरका विविध तथ्याङ्क, सूचना र जानकारीहरू प्रस्तुत गरिएका छन् ।

पार्श्वचित्रको तेस्रो खण्ड पारिवारिक विवरणसँग सम्बन्धित छ । यस खण्डमा वडागत जनसङ्ख्यासँग सम्बन्धित विविध जानकारीहरू प्रस्तुत गरिएका छन् ।

पार्श्वचित्रको चौथो खण्डमा सामाजिक अवस्थाको विश्लेषण गरिएको छ । यस खण्डले कुमाखको वडागत शैक्षिक स्थिति, वैवाहिक अवस्था, बसोबास र बसाइँ सराइँ, जन्म र मृत्यु, अपाङ्गता र स्वास्थ्यस्थितिसम्बन्धी आवश्यक विवरणहरू उपलब्ध गराउँछ ।

यस पार्श्वचित्रको पाँचौं खण्ड आर्थिक अवस्थासँग सम्बन्धित छ । यस खण्डले बसोबास गरिरहेको घरको विवरण, पेशा र आम्दानी/आयस्रोत आदि उपशीर्षकमा कुमाख गाउँपालिकाकोका बासिन्दाहरूको आर्थिक हैसियतको समीक्षा गर्छ ।

पार्श्वचित्रको छैटौं खण्ड चाहिँ उपसंहारका रूपमा रहेको छ । यसमा समग्र अध्ययनको सार प्रस्तुत गर्नुका साथकुमाख गाउँपालिकाको गाउँपालिकाका प्रमुख सवाल र समस्याहरूको विश्लेषण गरी

समाधानका लागि आवश्यक सुझावसमेत प्रस्तुत गरिएको छ ।प्रस्तुत अध्ययनका क्रममा कुमाखगाउँपालिकाको अवस्था यस्तो पाइयो :

१. यो गाउँपालिकालेशहरी सभ्यता र ग्रामीण सभ्यता दुबैलाई अँगालेको छ र एक प्रकारले सङ्क्रमणको अवस्थामा छ । आधुनिक युवा युवतीमा शहरी सभ्यताप्रतिको तीव्र आकर्षण देखा पर्दैछ भने पुरानो पुस्तामा ग्रामीण जीवनशैलीप्रतिको मोह यथावत् छ । अहिले यहाँको शान्त र रमणीय वातावरणका साथै यातायात, शिक्षा, स्वास्थ्य आदिको सुविधाका कारण यस क्षेत्रमा अन्यत्रबाट बसाइँ सराइँ गरेर आउने क्रम बढेको छ ।

२. कुमाखगाउँपालिकामा व्यवस्थित सहरीकरणको आवश्यक पूर्वाधार विस्तारै निर्माण हुँदैछ । कुमाखगाउँपालिकामा अहिले देखिएका कतिपय समस्या सङ्क्रमणशीलतासँग सम्बन्धित छन् ।

३. नगरवासीहरूको अत्यधिक परिश्रम र सरलता यस गाउँपालिकाको विकास र नवनिर्माणका लागि एक महत्वपूर्ण सम्पत्तिका रूपमा रहेको छ । त्यस्तै छरिएर तर छिपेर रहेका प्राकृतिक स्रोत-साधन र सांस्कृतिक निधिहरूले कुमाखलाई एउटा रहस्यपूर्ण साङ्ग्रिलाजस्तै बनाइरहेका छन् । विकास योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्दा कुमाखका यी विशेषतालाई राम्ररी ख्याल गर्नुपर्छ ।

४. समग्रमा कुमाखगाउँपालिकावासी सामाजिक रूपमा एकताबद्ध, सांस्कृतिक रूपमा गौरवशाली र आर्थिक रूपमा पनि राम्रै हैसियतमा रहेको पाइयो ।

## ६.२ समस्या, सम्भावना र सुझावहरू

### शहरीकरणसँग सम्बन्धित

#### समस्या

५. दीर्घकालीन सोचका आधारमा नगर क्षेत्रको भू-उपयोग योजना बनाई आवास क्षेत्र, बजार क्षेत्र, चौर, पार्क, खेलमैदान, बालक्रीडास्थल, कृषि क्षेत्र र हरित क्षेत्र छुट्याई शहरी योजना तयार नभएको ।

६. वर्षात्को पानी बग्नका लागि नालाको उचित व्यवस्था नभएकाले वर्षामा बस्ती कटानको समस्या तीव्र रहेको ।

७. योजना विना आबादी जग्गाको खण्डीकरण बढेर गएको ।

८. सार्वजनिक जग्गा र सडक मिचेर घर बनाउने प्रवृत्ति पनि देखा पर्न थालेको ।

९. नगर क्षेत्रको मुख्य बस्ती गाउँपालिकाको केन्द्र भागमा खाँदिएर रहेको कारणबाट ढल निकासको अभाव, अव्यवस्थित बसोबास र बढ्दो फोहोरमैलाका कारण प्रदूषण बढ्दै गएको ।

१०. उर्वर जमिनमा बस्ती बढ्दै जादा खाद्य समस्या हुन सक्ने समस्या देखिएको ।

११. भू-उपयोगको स्थितिअनुकूल योजना नबनाई बस्ती वृद्धि हुँदै जाँदा जनतालाई भौतिक, आर्थिक र सामाजिक पूर्वाधार जुटाउन गाह्रो हुने ।

#### सम्भावना

१२. सडक लगायत अन्य न्यूनतम भौतिक सुविधाहरु विस्तार हुँदै गएको र अन्यत्रबाट बसाइँ सराइँ गरी आउनेको चाप तीव्र भएको वर्तमान सन्दर्भमा दीर्घकालीन भू-उपयोग योजना र व्यवस्थित बस्ती विकासतर्फ उचित ध्यान दिन सकिएमा शहरीकरणको प्रक्रियालाई अझै पनि व्यवस्थित गर्न सकिने देखिएको छ

१३. गाउँपालिकाको केन्द्रीय भाग खाँदिएर रहेको भए पनि गाउँपालिकाको ३१.३ प्रतिशत जमिन कृषि क्षेत्रको रुपमा रहेको छ । अतः भू-उपयोग योजनाअनुसार बस्ती विकास गर्न अझै पनि बेला घर्किसकेको छैन ।

१४.

#### सुझाव

१५. दीर्घकालीन सोचका आधारमा नगर क्षेत्रको भू-उपयोग योजना बनाई आवास क्षेत्र, बजार क्षेत्र, चौर, पार्क, खेलमैदान, बालक्रीडास्थल, कृषि क्षेत्र र हरित क्षेत्र छुट्याई शहरी योजना तयार पार्नु आवश्यक छ ।

१६. सरकारी जग्गामा वृक्षारोपण गर्ने, तारबार गर्ने वा सामूहिक खेतीको विकास गरी जमिनको खण्डीकरणमा कमी

ल्याई समुदायको अधिकतम हितमा प्रयोग गर्ने प्रयास गरिनु आवश्यक छ ।

१७. गाउँपालिकाका विभिन्न क्षेत्रमा बस टर्मिनलको निर्माण र सञ्चालन हुनु जरुरी देखिन्छ । यसबाट शहरी यातायात व्यवस्थित तुल्याउन समेत मद्दत पुग्छ ।

१८. पार्क, उद्यानको महत्व विस्तारै महसुस गराउँदै जानु उचित देखिन्छ ।

# सडकसँग सम्बन्धित

## समस्या

१९. गाउँपालिकाका निर्माण सम्पन्न र निर्माणाधीन सडकहरूको स्थिति अध्ययन गर्दा हालसम्म कूल २००.७ कि.मि. सडक निर्माण भएकोमा अधिकांश सडकहरू कच्ची भएको ।

२०. कतिपय वडाहरू नदीपारि पर्ने र त्यहाँ जान पुलको व्यवस्था नहुनाले बर्खाको बेला ती भेगसँग एकप्रकारले सडकबाट सम्बन्ध विच्छेद हुने गरेको ।

२१. सडक बनाउने बेला प्राय: नाली नबनाइने गरेका कारण बर्खायाममा प्रशस्त वर्षा हुन गई धनजन र वातावरणीय क्षति हुने गरेको छ ।

२२. सडक बन्नु पूर्व अधिकार क्षेत्र (Right of Way) कति मिटर हुने भन्ने कुरा निर्धारण नगरिएकाले सडकको नजिकै घर बनाउने र बसाइँ सर्ने प्रवृत्ति बढ्दो छ ।

२३. सडकको चौडाई विस्तार गर्न या नाली काटेर प्राकृतिक निकास मिलाउन नसक्दा सडक बढी बिग्रन गई मर्मत खर्चमा वृद्धि हुने र सडकमा बढी दुर्घटना हुने सम्भावना देखिएको ।

## सम्भावना

२४. यस गाउँपालिकामा सडकहरूको विस्तारले गर्दा विकासका सम्भावनाहरूमा वृद्धि भएको पाइन्छ । गाउँपालिकाको माझबाट राप्ती राजमार्ग देखि थारमारे हुँदै रुकुम चैवरजहारी गएको उक्त सडकसँग जोड्ने गरी कृषिजन्य पकेट क्षेत्र जोड्ने सडकहरू तयार गरेमा कृषिजन्य उत्पादनमा वृद्धि ल्याई बजारसम्म सजिलै पुर्‍याउन सकिने छ ।

## सुझाव

२५. उपलब्ध बजेटका आधारमा प्राथमिकताक्रम निर्धारण गरी सडक निर्माण योजना तय गर्नुपर्ने ।

२६. गाउँपालिकाभित्रका कच्ची सडकलाई कालोपत्रे गर्न ८०/२० वा यस्तै अवधारणा अवलम्बन गरी सडकको महत्त्वबारे जनचेतना वृद्धि गर्नुपर्ने ।

२७. गाउँपालिकाका नदीपारि पर्ने बस्तीहरूमा जानका लागि पक्की पुल निर्माणलाई प्राथमिकता दिनु

आवश्यक ।

२८. सडक निर्माण गर्नुअघि वातावरणीय, आर्थिक र प्राविधिक अध्ययनलाई कडाइका साथ कार्यान्वयन गर्नु आवश्यक ।

# विद्युत्सँग सम्बन्धित

## समस्या

२९. बिजुली बत्ती अझसम्म कुनै वडामा पुगेको छैन ।

## सुझाव

३०. गाउँपालिकाले आगामी योजना बनाउँदा विद्युतीकरणलाई प्राथमिकता दिनु आवश्यक ।

३१. गाउँपालिकाले सोलार उर्जालाई सडक बत्ती र व्यक्तिगत प्रयोजनका लागि समेत वैकल्पिक रूपमा प्रवर्धन गर्नु आवश्यक ।

# सरसफाइ, ढलनिकास र खानेपानीसँग सम्बन्धित

## समस्या

३२. सबै वडामा ढल निकासको समस्या देखिएको छ ।

३३. गाउँपालिका भर्खरै स्थापना भएको र जनशक्तिको समेत अभाव भएकोले फोहोरमैलाको व्यवस्थापनतिर खासै ध्यान दिन सकेको देखिँदैन ।

३४. गाउँ क्षेत्रमा फोहोर थान्को लगाउने उचित स्थलको व्यवस्था हालसम्म हुन सकेको देखिँदैन ।

३५. गाउँपालिकामा फोहोर मैला व्यवस्थापनको समस्या अहिलेसम्म चुनौतीका रूपमा देखा परिसकेको नभए पनि क्रमशः यो समस्या बढ्दै जाने पूर्वलक्षणहरू देखिन थालेका छन् । यसले गर्दा बस्तीहरू दुर्गन्धित हुने, रोगहरू फैलिने, नगर कुरूप हुने, खोला नदी प्रदूषित हुने र जनस्वास्थ्य, सामुदायिक वातावरण र पर्यटन विकासमा प्रत्यक्ष रूपमा नकारात्मक असर पर्न सक्ने सम्भावना बढ्दै गएको छ ।

३६. उपभोक्ता संस्कृतिको विकाससँगै प्लास्टिकमा प्याक गरिएका उपभोग्य सामग्रीको प्रचलन बढ्नु; कम माइक्रोनका पातला पोलिथिन झोलाहरूको व्यापक प्रयोगले गर्दा बाटोघाटो, नदीनाला, खोला, बारी, कान्ला इत्यादिमा जताततै प्लास्टिक तथा पोलिथिनका खोल वा झोलाहरू फ्याँकिएका यी वस्तुहरूबाट फोहोरमैला व्यवस्थापनमा समस्या उत्पन्न हुँदै जाने देखिन्छ ।

३७. फोहोरमैला सङ्कलन तथा व्यवस्थापनका निम्ति साधनश्रोत भन्दा पनि व्यवस्थापकीय दृष्टिकोण, नेतृत्ववर्गमा जोखिम बहन गर्ने क्षमता, जनचेतना वृद्धि, स्थानीय बासिन्दाहरूको धारणा र बानी बेहोरामा परिवर्तन, अनुशासनको पालना तथा कानुनको स्पष्ट कार्यान्वयन जस्ता व्यवस्थापकीय सीपहरू उपयोग गाउँपालिकाले भावी योजना निर्माण गर्दा यस्ता कुराहरूमा ध्यान दिनु आवश्यक छ ।

### सुझाव

३८. फोहरमैला तथा सरसफाइसम्बन्धी जनचेतना विस्तार गर्नु आवश्यक छ ।

३९. स्थानीय बासिन्दाहरूमा उनीहरूको बानी व्यहोरामा परिवर्तन गर्न, आवश्यक अनुशासनको पालना तथा कानुनको स्पष्ट कार्यान्वयनमा आवश्यक पर्ने सीप तथा तालिम गोष्ठी आदि गर्न नगरपालिकाले भावी योजना निर्माण गर्दा यस्ता कुराहरूमा ध्यान दिनु आवश्यक छ ।

४०. जैविक मल निर्माणसम्बन्धी तालिम र नगर क्षेत्रमा सुइरो अभियान सञ्चालन गरी फोहोर मैलाको समस्यालाई केही कम गर्न सकिनेछ ।

## शिक्षासँग सम्बन्धित

### समस्या

४१. गाउँपालिकामा पटक पटक साक्षरता कार्यक्रम सञ्चालन भैरहे पनि कतिपय वडामा निरक्षर महिलाहरूको सङ्ख्या उल्लेख्य रहेको देखिन्छ ।

४२. दलित तथा पिछडिएको समुदायका बालबालिकाले अझै पनि उचित शैक्षिक वातावरण पाइरहेका छैनन् ।

४३. बालविकास कार्यक्रम प्रभावकारी हुन सकेको छैन ।

४४. केही विद्यालयहरूमा भौतिक सुविधाको कमी छ ।

### सम्भावना

४५. शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानी क्रमशः आकर्षित हुँदै गएकाले औपचारिक शिक्षातर्फ गाउँपालिकामा शैक्षिक अवसरहरू वृद्धि हुँदै गएको देखिन्छ ।

### सुझाव

४६. विद्यालयमा भौतिक सुविधा वृद्धिका लागि उपयुक्त योजना बनाउनुपर्छ ।

४७. एकीकृत बालविकास कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्छ ।

४८. दलित तथा पिछडिएका जातिका बालबालिकालाई शिक्षामा प्रोत्साहित गर्न थप के-के काम गर्न सकिन्छ भन्नेबारे छलफल चलाउनुपर्छ ।

४९. अनौपचारिक साक्षरता कार्यक्रम प्रभावकारी हुन नसक्नुका कारणहरूको समीक्षा गरिनुपर्छ ।

## सिप र रोजगारीसँग सम्बन्धित

### समस्या

५०. बेरोजगार युवाको सङ्ख्या बढ्दो रहेको र भएका युवा पनि विदेश पलायन भइरहेको ।

५१. सिप विकास र आयआर्जनका अवसरहरू न्यून रहेको ।

### सुझाव

५२. बेरोजगार युवालाई रोजगारमुखी सिप र तालिमहरू उपलब्ध गराई नयाँ अवसरहरू सृजना गर्नुपर्ने ।

५३. यस क्षेत्रमा व्यावसायिक तरकारी खेती, माछापालन र माहुरीपालनको विशेष सम्भावना रहेकाले गाउँपालिकाले योजना निर्माण गर्दा उक्त क्षेत्रसँग सम्बन्धित स्वरोजगारमुखी सिप विकास र आयआर्जनमा ध्यान दिने ।

## स्वास्थ्यसँग सम्बन्धित

### समस्या

५४. कतिपय वडाहरू सरकारी स्वास्थ्य चौकीको पहुँचबाट टाढा रहेको ।

५५. गाउँपालिका भित्र स्वास्थ्य उपचार गराउन अहिले पनि निजी स्वास्थ्य संस्थामा जाने संख्या धैरै छ । जबकि जम्मा १२ प्रतिशतले मात्र सरकारी स्वास्थ्य सेवा लिएको देखिन्छ ।

५६. गाउँपालिकाभित्र समस्याग्रस्त रूपमा रहेका प्रमुख रोगहरूमा सरसफाइसँग सम्बन्धित रोगहरू (झाडापखाला, जुका, छालाको रोग) नै प्रमुख छन् ।

५७. स्थानीय स्तरमा उपलब्ध हुने स्वास्थ्य सेवाको उपभोगबारे जनचेतनाको अभाव रहेको । जस्तैःगर्भवती महिलाले स्वास्थ्य जाँच गराउने संख्या अहिले पनि जम्मा ३६ प्रतिशत मात्र भएको ।

५८. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधारको कमी रहे

### सम्भावना

५९. स्थानीय स्तरमा औषधि आपूर्तिका लागि गैससको सहयोगमा सामुदायिक औषधि कार्यक्रम (सिडिपी) सञ्चालन हुने सम्भावना ।

६०. जनचेतना अभिवृद्धिका कार्यक्रम, जस्तैः गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच, एड्स सम्बन्धी जानकारी आदिलाई स्वास्थ्य शिक्षा कार्यक्रमका रूपमा सञ्चालन गर्न सकिने ।

### सुझाव

६१. स्थानीय स्तरमा उपलब्ध हुने स्वास्थ्य सेवाको उपभोगबारे जनचेतना बढाउनु आवश्यक ।

६२. स्थानीय स्तरमा औषधि आपूर्तिका लागि गैससको सहयोगमा सामुदायिक औषधि कार्यक्रम (सिडिपी) सञ्चालन गर्न गाउँपालिकाले सम्भाव्यता अध्ययन गर्नुपर्ने ।

६३. जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

## आर्थिक क्षेत्रसँग सम्बन्धित

### समस्या

६४. बैंकिङ क्षेत्रले गरिबी निवारणमा टेवा पुर्‍याउन नसकेको ।

६५. रोजगारीका अवसरहरू सीमित रहेको ।

६६. व्यापार, उद्योग र व्यवसायहरूको प्रवर्धन हुन नसकेको ।

६७. अधिकांश जनसङ्ख्या कृषि र पशुपालनमा आश्रित रहे पनि अपेक्षित रूपमा कृषि/पशु उत्पादन र उत्पादकत्व बढ्न नसकेको ।

### सुझाव

६८. कृषि र ऊर्जा क्षेत्रमा सहुलियत दरमा वित्तीय सेवा कृषक तथा घरधुरीलाई उपलब्ध गराउन आवश्यक रहेको ।

## विकास र जनसशक्तीकरणसँग सम्बन्धित

### समस्या

६९. तथ्याङ्कको कमी र योजना निर्माण तथा कार्यान्वयन गर्दा तथ्याङ्कमा आधारित रहने परिपाटी नहुनाले सामाजिक पूर्वाधारको असमान वितरण भएको ।

७०. सांस्कृतिक परम्पराहरू लोप हुने खतरा बढेको ।

७१. दलित र पिछडिएको समुदायको सशक्तीकरण निराशाजनक ।

७२. पर्याप्त स्रोतको व्यवस्था नभैकन नयाँ योजना प्रस्तावित गर्ने चलन ।

७३. छरिएका योजना छनोट हुने गरेको ।

७४. स्थानीय साधन, सीप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने योजनालाई प्राथमिकता दिन नसकिएको ।

७५. योजनाहरूको अनुगमन निरीक्षण प्रभावकारी हुन नसकेको ।

### सुझाव

७६. जनसहभागिता बढी हुनसक्ने योजनालाई प्राथमिकता दिने ।

७७. बस्तीस्तरका योजना छनोट गर्दा सकेसम्म धेरै बस्तीलाई लाभ पुग्ने खालका योजनालाई प्राथमिकता दिने ।

७८. योजना तर्जुमा गर्दा सडक, सिँचाइँ, खानेपानी, स्वास्थ्य, शिक्षा, कृषि, वातावरण र सामूहिकता प्रवर्द्धन गर्ने खालका

योजनालाई समावेश गर्ने ।

७९. योजना तर्जुमा गर्दा क्षेत्रीय सन्तुलन र पिछडिएको क्षेत्रलाई ध्यान दिनुपर्ने ।

८०. योजनाबाट सर्वसाधारण जनतालाई तत्काल फाइदा पुग्ने हुनु पर्ने ।

८१. रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरूमा आधारित योजनालाई प्राथमिकता दिने ।

८२. स्थानीय स्रोतसाधन, सिप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने योजनालाई प्राथमिकता दिने ।

८३. पिछडिएका तथा उत्पीडित जाति, जनजाति तथा महिला र बालबालिकाका लागि आयमूलक, सीपमूलक र कल्याणकारी योजनालाई प्राथमिकता दिने ।

८४. योजना कार्यान्वयनमा विभिन्न विषयगत कार्यालयहरू, गैरसरकारी संघसंस्था, सामुदायिक संस्था, स्थानीय प्रशासन लगायत सबै सरोकारवालासँग समन्वय र साझेदारी विकास गर्ने ।

८५. योजनाहरूको अनुगमन निरीक्षणलाई प्रभावकारी बनाउने ।

## गाउँपालिकाको संस्थागत विकाससँग सम्बन्धित

### सुझाव

८६. गाउँपालिकाले विकास योजना तथा गतिविधिमा आधारित बुलेटिन समय समयमा प्रकाशित गर्नुपर्ने । उक्त बुलेटिनमा गाउँपालिकाका गतिविधिका साथै बजेट, नीति, योजना र कार्यक्रमसम्बन्धी जानकारी तथा नगरभित्रका विविध समस्या र सम्भावनाहरूबारे जनधारणा समेत समावेश गर्न सकिने ।

८७. गाउँपालिकाको वेबसाइटलाई नियमित अद्यावधिक गरी यसमा विविध उपयोगी सामग्रीहरू राख्न सकिने । त्यसैगरी इमेललाई समेत नियमित अद्यावधिक गर्नुपर्ने ।

८८. गाउँपालिकाका हरेक वडाहरूको छोटो प्रोफाइल तयार पार्नुपर्ने ।

८९. गाउँपालिकाको आन्तरिक आयवृद्धिका लागि श्रोतहरूको पहिचान र दीर्घकालीन संरक्षण तर्फ ध्यान दिनुपर्ने ।

९०. गाउँपालिकाका प्रमुख समस्या र सवालहरूका बारेमा विश्लेषण गर्न गाउँपालिका भित्रका सबै सरोकारवालाहरूको सहभागितामा गोष्ठी गर्ने ।

## सन्दर्भ सामग्रीहरू

**आवधिक जिल्ला विकास योजना**(२०५९/६०-२०६३/०६४), जिल्ला विकास समिति सल्यान ।

कुमाख गाउँपालिकाको गाउापालिकाबाट प्राप्त विभिन्न तथ्याङ्कहरू ।

**जनगणना रिपोर्ट २०११,** तथ्याङ्क विभाग ।

**वडा प्रोफाइल**, काठमाडौ: युरोपेली आयोग काठमाडौं उपत्यका म्यापिङ्ग कार्यक्रम ।

**Periodic District Development Plan** (Fiscal Year 2072/073−2076/077), Salyan District Development Committee, Salyan